का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ माघ २०८१,
बिहीबार
30 January, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३४२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**सेताम्मे बडिमालिका** : *बाजुरा जिल्लास्थित प्रसिद्ध धार्मिक तिर्थस्थल बडिमालिका मन्दिर क्षेत्रमा रहेको त्रिशुल, घण्ट र हिउँले सेताम्मे फाँट । तस्बिर : सुशील भण्डारी/रासस*

# प्रचण्डसँग सशंकित माधव

सरकारमा रहँदा र नरहँदा तथा समाजवादी मोर्चा र विपक्षी मोर्चामा सँगै रहेता पनि प्रचण्डले आफ्नो राजनीतिक लाभका लागि मात्रै आफ्नो शक्तिको प्रयोग गर्न खोजेको आशंका माधव नेपालमा छ ।

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १६ माघ ।

नेकपा एकीकृत समाजादीले आफूलाई नेकपा एमाले र नेकपा माओवादी केन्द्रसँग भन्दा फरक देखाउन खोजेको छ । अध्यक्ष माधव नेपालले हालै अन्तरपार्टी निर्देशिका जारी गर्दै एमाले र माओवादी केन्द्रले कम्युनिष्ट आन्दोलन अगाडि बढाउन नसक्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

आफ्नो पार्टीले मात्र कम्युनिष्ट आन्दोलनको कार्यभार सम्हाल्न सक्ने भन्दै अध्यक्ष नेपालले माओवादीसँग समेत दुरीमा रहेको सन्देश पार्टीका नेता/कार्यकर्तालाई दिएका छन् ।

एमालेबाट छुट्टिएर पार्टी बनाउनु अगाडि देखि नै माधव नेपाल प्रचण्डसँग नजिक रहँदै आएका नेता हुन् । एमालेबाट छुट्टिँदा माओवादीमा मिसिए तत्कालीन सांसदहरूको पद जाने भनेर छुट्टै पार्टी बनाउनुपरेको



नेताहरू बताउँथे । पार्टी दर्ताकै बेला समेत माओवादीसँग एकता गर्ने चर्चा थियो । प्रचण्ड र माधव मोर्चामा भने सँगै छन् तर, विस्तारै आफू प्रचण्ड भन्दा फरक रहेको देखाउने प्रयासमा माधव नेपाल लागि परेका देखिन्छन् ।

बुधबार राजधानीमा भएको समाजवादी मोर्चाको गोष्ठीमै नेताहरूबीच घोचपेच भएको थियो । एकीकृत समाजवादीका अध्यक्ष नेपालले समाजवादी मोर्चा सुस्ताएको हो कि निधाएको हो भनेर शंका उब्जिएको बताए ।

समाजवादी मोर्चाको बैठक राख्नका लागि विप्लवले निकै दौडधुप गरेको र दिक्क मानेको बताए । विप्लवले प्रचण्डलाई मनाउन नसकेको भनेर उनले गोष्ठीमा समेत प्रचण्ड ढिलो गरी पुगेको भनेर प्रश्न उठाए ।

समाजवादी मोर्चा सुस्ताएको र त्यसमा जिम्मेवार रहेको भनेर माधव नेपालले आफूमाथि आरोप लगाएपछि प्रचण्डले उल्टै असन्तुष्ट पोखे । मोर्चालाई सक्रिय बनाउन आफूले नचाहेको आरोप लगाउँदा बाहिर सन्देश राम्रो नजाने भनेर बचाउ गरे । समाजवादी मोर्चालाई राष्ट्रिय राजनीतिको विकल्पको रूपमा उभ्याउनुपर्ने भन्दै बुधबार नै मोर्चाको बैठक राखे । उक्त बैठकबाट माघ २४ गते राजधानीमा विरोध सभा गर्ने निर्णय गराए । तर, नेताहरू माधव नेपाल प्रचण्डसँग संशकित रहेको र त्यसको छनक मोर्चाको बैठकमा समेत देखिएको बताउँछन् । >>> पृष्ठ २ मा

# प्रभाव जमाउँदै प्रभाकर

झण्डै ४ दशकदेखि पार्टी नेतृत्वमा रहेका प्रचण्डसँग निकट रहेर राजनीति गर्दै आएका जनार्दन शर्मा प्रभाकर पछिल्लो समय आफै नेतृत्वमा पुग्ने प्रयासमा छन् । अखिल क्रान्तिकारीको पदाधिकारीमा आफु पक्षधरलाई जिताएर उनले आफ्नो प्रभावको परिणाम समेत देखाइदिएका छन्



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ माघ

माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीको अध्यक्षमा विजयप्रकाश सापकोटा विजयी भएका छन् । शनिबार काठमाडौंमा भएको निर्वाचनको नतिजा बुधबार सार्वजनिक भएको छ । मतगणनाको नतिजाअनुसार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निकट सापकोटाले प्रतिस्पर्धी हेमन्त राईलाई ७३ मतले पछि पारेर अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

सापकोटालाई अध्यक्ष प्रचण्ड र उपमहासचिव शक्ति बस्नेतको साथ थियो । सापकोटालाई पूर्वअध्यक्ष पञ्चा सिंह र हिमाल शर्मालगायतले पनि साथ दिएका थिए । उता राईलाई उपमहासचिव जनार्दन शर्माले साथ दिएका थिए ।

अध्यक्षमा सापकोटा निर्वाचित भएपनि उपमहासचिवमा संस्थापन इतर समूहले बर्चस्व कायम राखेको छ । बुधबार सकिएको महतगणनाअनुसार ९ उपमहासचिवमध्ये अधिकांश पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिकट भन्दा फरक व्यक्ति चुनिएका छन् । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## प्रगतिशील मञ्चले लगायो अध्यक्ष तथा महासचिव उम्मेदवारको टुंगो

# अध्यक्षमा गेलाल र महासचिवमा रावल सर्वसम्मत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले अध्यक्ष तथा महासचिव पदका लागि उम्मेदवारी टुंगो लगाएको छ ।

मञ्चका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री 'कुमार'का अनुसार अध्यक्ष पदमा नरेश गेलाल तथा महासचिवमा जनक रावललाई उम्मेदवार बनाउने सर्वसम्मत निर्णय मञ्चले गरेको छ । गेलाल मञ्चका पूर्वअध्यक्ष तथा संघका पूर्वमहासचिव र रावल मञ्चका वर्तमान अध्यक्ष हुन् ।

उपाध्यक्षसहित पदाधिकारी र कार्यसमिति सदस्यका उम्मेदवारहरूको टुंगो केही दिनभित्र लगाउने तयारी रहेको बताइएको छ। यसअघि हाल संघका प्रथम उपाध्यक्ष रहेका खत्रीले पनि अध्यक्षका लागि इच्छा जाहेर गर्दै आएका थिए । बैठकमा खत्रीलाई मञ्चको आगामी साधारणसभा पछि सर्वसम्मतिले अध्यक्ष चयन गर्ने भद्र सहमति बनेपछि संघको अध्यक्षमा





गेलाल र महासचिवमा रावलको उम्मेदवारी सर्वसम्मतिले पारित भएको हो । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा जस्तै मञ्चमा पनि पदाधिकारी र सदस्य पदका लागि धेरै व्यवसायी आकांक्षी देखिएका छन् । मञ्चले १-२ दिनभित्र अन्य उम्मेदवार टुंगो लगाउने बताएको छ ।

उता एशोसिएसनमा अध्यक्षसहित पदाधिकारीको उम्मेदवारी टुंगो लगाउन रस्साकस्सी चलिरहेको छ । एशोसिएसनबाट अध्यक्षमा फेमस ह्युमन रिसोर्स प्रालि.का संचालक चिरञ्जीवी बस्याल, नीलकमल ह्युमन रिसोर्स प्रा.लि.का संचालक मेघनाथ भुर्तेल, गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक भुवनसिं गुरुङ, सोलार एचआर >>> पृष्ठ २ मा

### संघको चुनावी तालमेल
## चालबाजी कि यथार्थ ?

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनका लागि व्यवसायीहरूको उम्मेदवार टुंगो लगाउने प्रयास जारी रहँदा बजारमा अनेक प्रकारका दाबी र चर्चा सुरु भएका छन् । संघको निर्वाचनमा विगतदेखि नै नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चबीच प्रतिस्पर्धा हुँदै आएको छ । स्वतन्त्र व्यवसायीको मत आफूतर्फ तान्न अनेक चुनावी प्रपञ्च र दाउपेच गर्ने गरिएको छ । तर गत असार १७ गते दुई दलबीच आलोपालो >>> पृष्ठ २ मा

# अमेरिकाबाट १३६५ नेपाली निष्काशित
## थप ३ हजार जोखिममा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १६ माघ

अमेरिकी सरकारले अवैध आप्रवासीलाई घर फर्काउने प्रक्रिया तीव्र बनाए पछि १ हजार ३६५ नेपाली निष्कासनमा परेका छन् ।

डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएपछि आप्रवासीलाई घर फर्काउने प्रक्रिया तीव्र पारिएको हो । यसक्रममा अमेरिकाबाट निष्कासनमा पर्ने विभिन्न देशका १४ लाख ४५ हजार ५४९ आप्रवासीहरूको संख्या सार्वजनिक भएको छ । ती मध्ये १ हजार ३६५ जना नेपाली छन् ।

ट्रम्पले अवैधरूपमा अमेरिकामा रहँदै आएका आप्रवासीको सबैभन्दा ठूलो सामूहिक निर्वासनको अभियान सुरु गरेका छन् । ट्रम्पले शपथ ग्रहण लगत्तै यससम्बन्धी कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए ।

ट्रम्पले पदभार ग्रहण गरेयता कम्तीमा २ हजार ६८१ जना अनधिकृत आप्रवासी पक्राउ पनि परेका छन् । ट्रम्पले चुनावी अभियानमै घोषणा गरेअनुसार दक्षिणी सीमामा संकटकाल घोषणासमेत गरिसकेका छन् । संकटकाल घोषणासँगै अमेरिकाले मेक्सिकोसँगको सीमा क्षेत्रमा १५ सय सैनिक तैनाथ गरेको छ ।

ट्रम्पको पहिलो ४ वर्षे कार्यकालमा

> २४ जुन २०१५ भन्दा अगाडि अमेरिका प्रवेश गरेका नेपालीहरू टीपीएस अन्तर्गत संरक्षित भएका कारण उनीहरूलाई तत्काल निष्कासन गरिने छैन

झन्डै १५ लाख जनालाई अमेरिकाबाट देश निकाला गरिएको थियो । निर्वतमान राष्ट्रपति जो बाइडन प्रशासनले अमेरिकाबाट बाहिर निकालेका विदेशी आप्रवासीको संख्यामा पनि त्यसको छेउछाउ पुगेको थियो ।

पूर्वराष्ट्रपति बाराक ओबामाका २ कार्यकालमा ३० लाख जनाभन्दा बढी आप्रवासीहरूलाई अमेरिकाले निकाला गरेको थियो ।

आधुनिक अमेरिकाको इतिहासमा सन् १९५४ मा सम्भवतः सबैभन्दा ठूलो सामूहिक देश निकाला भएको थियो । त्यस वर्ष 'अपरेशन वेटब्याक' अन्तर्गत १३ लाख जनालाई अमेरिकाको सीमाबाट बाहिर पठाइएको थियो ।

अमेरिकाबाट फर्काइन लागेकाहरूमध्ये सबैभन्दा धेरै होन्डुरस, ग्वाटेमाला, मेक्सिको र एल साल्भाडोरका नागरिकहरू छन् ।

होन्डुरसका २ लाख ६१ हजार ६५१, ग्वाटेमालाका २ लाख ५३ हजार ४१३, मेक्सिकोका २ लाख ५२ हजार ४४ र एल साल्भाडोरका २ लाख ३ हजार ८२२ जना छन् । चीनका ३७ हजार ९०८ र भारतका १७ हजार ९४० जना पनि अमेरिकाबाट निष्कासनमा परेका हुन् ।

अमेरिकामा १ करोडबढी अवैध आप्रवासी रहेको अनुमान >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१७ माघ २०८१ बिहीबार
30 January 2025, Thursday

# शिक्षा विकासको मूल आधार हो: राष्ट्रपति

**लमजुङ/मस**–राष्ट्रपति रामचन्द्र पौडेलले शिक्षा विकासको प्रमुख आधार रहेको बताएका छन् ।

बुधबार मध्यनेपाल नगरपालिका-३ सोतीपसलस्थित मंगला माध्यमिक विद्यालयको हीरक जयन्तीको समापन कार्यक्रमलाई सम्बोधन गर्दै उनले शिक्षा बिना विकास सम्भव नहुने भएकाले शिक्षा अनिवार्य आवश्यकता भएको बताए ।

राष्ट्रपति पौडेलले शिक्षालाई प्राविधिक, गुणस्तरीय र व्यवस्थित गर्दै समयअनुसार अघि बढ्नु अहिलेको आवश्यकता रहेको भन्दै यसमा सबैले समन्वय गर्नुपर्नेमा जोड दिए । उनले निष्ठा, प्रतिष्ठा र राजनीतिबाट कति पनि विचलित नभई आज यहाँसम्म आइपुगेको बताउँदै यसमा मध्यनेपालवासीको पनि योगदान रहेको भन्दै प्रशंसा गरे ।




राष्ट्रपति पौडेलले आफू २०४८ सालदेखि राजनीतिमा लागेको बताए । उनले भने, 'गाउँगाउँमा बाटो, बिजुली, शिक्षा, सञ्चारलगायत पूर्वाधार पुगेको छ, ग्रामीण विकासको लहर आएको छ । विकासको मेरुदण्डका रूपमा रहेका युवाहरू विदेश पलायन हुनबाट रोक्न गुणस्तरीय शिक्षा दिनुपर्छ । स्वदेशमा रोजगारीका अवसर सृजना गर्नुपर्छ ।'

राष्ट्र भन्नु नै जनता रहेको र जनता यसरी बाहिरिरहे मुलुक उजार अवस्थामा पुग्ने जनाउँदै राष्ट्रपति पौडेलले युवालाई स्वदेशमा रोक्न रोजगारी आवश्यक रहेको धारणा राखे । ठूलो त्याग र बलिदान गरेर ल्याएको सङ्घीय लोकतन्त्र गणतन्त्र शासन प्रणालीको जगमा राष्ट्रको सांस्कृतिक, सामाजिक, आर्थिक विकास हुने उनको भनाइ छ । अस्थिर राजनीतिले देश विकासमा बाधा पुग्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले राजनीतिक दलहरू एकजुट भएर आपसी सहकार्य र समन्वयबाट मुलुकको विकास गर्ने बेला आएको बताए । सबै एकजुट भएर सुशासन कायम गर्दै देश विकासका लागि भ्रष्टाचार, विकृति, विसंगति हटाउन जरुरी रहेकामा उनले जोड दिए ।

# स्वास्थ्य बीमा पाँच लाख पुऱ्याउने तयारी

**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमा सुधारसम्बन्धी कार्ययोजना प्रस्तुत गरेका छन् । मन्त्रालयका अतिरिक्त सचिव डा.दीपेन्द्ररमण सिंहको नेतृत्वमा तयार पारिएको कार्ययोजनासहितको प्रतिवेदन स्वास्थ्यमन्त्री पौडेलले बुधबार प्रधानमन्त्रीसमक्ष बुझाएका हुन् ।



कार्ययोजनाका आधारमा मन्त्रिपरिषद् बैठकमार्फत स्वास्थ्य बीमामा सुधार सम्बन्धमा निर्णय हुने मन्त्री पौडेलको सचिवालयले जनाएको छ । स्वास्थ्यमन्त्री पौडेलले स्वास्थ्य बीमामा सुधार गर्दै पाँच लाख पुऱ्याउने गरी तयारी गरिरहेको बताउँदै बताएका छन् । प्रधानमन्त्रीसमक्ष पेस भएको प्रतिवेदनमा पनि स्वास्थ्य बीमा रकम रु पाँच लाखसम्म पुऱ्याउन सकिने आधार समावेश छन् ।

मन्त्रिपरिषद्बाट निर्णय भएमा संसद्को आगामी अधिवेशनमार्फत स्वास्थ्य बीमा ऐन संशोधनको प्रक्रिया अघि बढाउने मन्त्रालयको तयारी छ ।

## प्रचण्डसँग...

प्रचण्डले मोर्चामा एकीकृत गरेता पनि गतिविधि गर्नमा सक्रियता नदेखिएको नेपालको निष्कर्ष छ । पार्टी एकताका लागि समेत दुवै दलमा छलफल चलिरहेको तर प्रचण्ड नै यो विषयमा प्रष्ट नभएकोमा नेपालको शंका छ । प्रचण्डले आफ्नो राजनीतिक लाभका लागि मात्रै प्रयोग गर्न खोजिएको हो कि भन्ने माधव नेपालको आशंका छ ।

## प्रभाव...

महासचिवसहित उपमहासचिवमा जनार्दन शर्मा समूहका ७ उम्मेदवार विजयी भएका हुन । मतगणनामा हेमन्त राई पक्षका ७ जना उपमहासचिवमा विजयी भएका हुन् ।

महासचिवमा रोशन थापा १९१ मतान्तरले विजयी भएका छन् । निर्वाचित उपमहासचिवमा निर्मला गौतम, गजेन्द्र यादव, भगवान बास्तोला, रमेश अधिकारी, प्रकाश अधिकारी, रामचन्द्र भट्ट र जटिल कार्की छन् ।

उपमहासचिवमा संस्थापन पक्षका विपिन पोखरेल र वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ समूहका निरज श्रेष्ठ विजयी भएका छन् ।

यस्तै भौगोलिक ७ प्रदेश र गैर भौगोलिक २ प्रदेश गरेर ९ प्रदेशबाट ९ जना उपमहासचिव मध्ये कोशी प्रदेशबाट विपिन पोखरेल ८३१, मधेश प्रदेशबाट गजेन्द्र यादव ४०७ मत, बागमतीबाट निर्मला गौतम ८०३, गण्डकी प्रदेशबाट भगवान बास्तोला ७६९ मत, लुम्बिनी प्रदेशबाट रेशम अधिकारी ६२८ मत, कर्णाली प्रदेशबाट प्रकाश अधिकारी ६०४ मत र सुदूरपश्चिम प्रदेशबाट रामचन्द्र भट्ट ३९९ मत सहित निर्वाचित निर्वाचित भएका छन् ।

त्यस्तै उपत्यका विशेष प्रदेशबाट निरोज श्रेष्ठ ४०६ मत, विश्वविद्यालय प्रदेशबाट जटिल कार्की ६४८ निर्वाचित भएका छन् । उपत्यकाबाट निर्वाचित श्रेष्ठ पार्टी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ निकट हुन भने अरु जनार्दन समूहका हुन् । यसअघि महासचिवमा पनि जनार्दन समूहका रोशन थापामगर तथा कोषाध्यक्षमा शर्मा प्यानलकै फूलमाया मगर निर्वाचित भएकी थिईन् ।

३३ पदाधिकारी, ४८ सचिवालय सदस्य, १६२ केन्द्रीय सदस्य र ३ केन्द्रीय निकायका पदाधिकारीका लागि शनिबार निर्वाचन भएको थियो ।

९ प्रदेशमध्ये ७ प्रदेशको मतगणना यसअघि नै भएको थियो । १० असोजदेखि १५ गतेसम्म भएको क्रान्तिकारीको २३ औँ राष्ट्रिय सम्मेलनमा ३२ वर्ष उमेरहद लगाउने कि नलगाउने विषयमा विवादका कारण रोकिएको निर्वाचन ४ महिनापछि भएको हो । १३ पुसमा भएको उमेरहद खुला पक्षधर पराजित भएपछि ३२ वर्ष मुनिबाट आगामी २ वर्षका लागि संगठनको नेतृत्व हाँक्ने जिम्मेवारी सापकोटाको काँधमा आएको छ ।

## अध्यक्षमा...

म्यानेजमेन्ट प्रा.लि.का संचालक प्रज्ञान न्यौपाने, एलाइन्स ह्युमन रिसोर्स प्रा.लि.का संचालक सुजित कुमार श्रेष्ठ, फ्युजन इन्टरनेशनल प्रा.लि.का संचालक कुमुद खनाल र एसआरके ओभरसिज प्रा.लि.का संचालक किशोर केसी गरी ७ जना आकांक्षीको उम्मेदवार दाबी परेको छ ।

बुधबार नेपाली कांग्रेस पार्टीका प्रतिनिधि प्रकाश रसाइली स्नेही र एशोसिएसनका पूर्वअध्यक्षहरूले अध्यक्षका आकांक्षीहरूसँग एशोसिएसन कार्यालय बानेश्वरमा छुट्टाछुट्टै छलफल गरेका छन् । छलफलमा अध्यक्षका सबै आकांक्षी सहभागी रहेको बताइएको छ । संघको अघिल्लो निर्वाचनमा विद्रोह भएपछि एशोसिएसनमा यस पटक जसरी भएपनि सर्वसम्मतिले उम्मेदवार छनोट गर्नुपर्ने दबाब छ । अघिल्लो पटक विद्रोह भएको र त्यसको ठोस समीक्षा नभए यसपटक पनि विद्रोह देखापर्ने विषयमा कतिपय उम्मेदवारले पार्टी प्रतिनिधि र पूर्वअध्यक्षहरूको ध्यानाकर्षण गराएको बताइएको छ ।

## संघको...

सरकारको नेतृत्व गर्ने गरी सहमति भइ संयुक्त सरकार बनेपछि हाल संघको निर्वाचनमा पनि सोहीअनुसार आलोपालो र पद बाँटफाँटको सहमतिमा चुनाव गर्नु उचित हुने विषयमा दुवै दलको माथिल्लो तहमा छलफल भइरहेको स्रोतले बताएको छ । दुई दलको संयुक्त सरकार गठन गर्दा पहिलो चरणमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गर्ने र दोस्रो चरणमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेतृत्व गर्ने सहमति भएको थियो । संघमा पनि १ बर्ष मञ्च र १ वर्ष एशोसिएसनले नेतृत्व गर्ने वा दुई वर्षका लागि एशोसिएसनले अध्यक्ष र मञ्चले महासचिव लिएर उपाध्यक्षसहित अन्यमा मिलाउने विषयमा छलफल भएको बताइन्छ ।

पछिल्ला दिनमा प्रधानमन्त्री केपी शर्मा ओली दुवै दलबीच सैद्धान्तिक तथा व्यवहारिक एकता रहेको देखाउने प्रयासमा रहेको देखिएको छ । सत्तारुढ दलहरूको बैठकमा प्रधानमन्त्री ओली तथा नेपाली कांग्रेस सभापति देउवाको कुर्सी एकै हारमा राखेर संसद अधिवेशन सुरु हुन लाग्दा २ दलबीचका एकता प्रगाढ रहेको र सत्ता सहयात्रा बिना अवरोध २०८४ सम्म जाने सन्देश दिइएको छ । यस्तो अवस्थामा हुन लागेको संघको चुनाव २ दलबीच वैमनस्य उत्पन्न गर्ने आधार बन्न नहुने सोच रहेको समाचार स्रोतको दाबी छ ।

संघमा व्यवसायीको नेतृत्व स्थापित गर्न सहमतिको फर्मुला फलदायी बन्ने कतिपयको आंकलन छ । तर केही व्यवसायी भने एशोसिएसन र मञ्चबीच सहमतिमा चुनावमा जाने चर्चा दुवैतिरका उम्मेदवारका आकांक्षी व्यवस्थापन गर्ने चालबाजी मात्रै भएको र संघमा केन्द्रको सहमतिको फर्मुलाले काम नगर्ने बताउँछन् । संघको निर्वाचनका लागि अझै २ हप्ताको समय बाँकी रहेकाले अहिले नै ठोस अनुमान लगाउन नसकिने कतिपय अग्रज व्यवसायीको टिप्पणी छ ।

## अमेरिकाबाट...

गरएको छ । गैरकानूनी रूपमा अमेरिकामा लुकेर बसेका, औपचारिक कागजातहरू नभएका आप्रवासीलाई अवैध आप्रवासी भनिएको छ ।

ट्रम्पको निष्कासन योजनामा अमेरिका छोड्न अदालतबाट अन्तिम आदेश पाइसकेका तर अझै अमेरिका नछोडेका व्यक्तिहरू मुख्य प्राथमिकतामा परेका छन् ।

इमिग्रेशन एण्ड कस्टम्स इन्फोर्समेन्टद्वारा सार्वजनिक तथ्यांक अनुसार १ हजार ३६५ नेपालीहरूले अन्तिम निष्कासन आदेश पाए पनि कुनै कानुनी सुरक्षा नपाएका कारण अमेरिका बसिरहेका छन् । टेम्पोररी प्रोटेक्टेड स्टाटस (टीपीए) वा अन्य कुनै कानुनी सुरक्षा नभएका यी व्यक्तिहरू पक्राउ परेमा तुरुन्त निष्कासनको जोखिममा पर्नेछन् ।

यीमध्ये अधिकांश व्यक्ति २४ जुन २०१५ पछि अमेरिका प्रवेश गरेका हुन् र निष्काशनको अन्तिम आदेश पाइसकेका आप्रवासी भएको अमेरिकाबाट प्रकाशित समाचार पोर्टल नेपयोर्कले जनाएको छ ।

२४ जुन २०१५ भन्दा अगाडि अमेरिका प्रवेश गरेका नेपालीहरू टीपीएस अन्तर्गत संरक्षित भएका कारण उनीहरूलाई तत्काल निष्कासन गरिने छैन ।

अमेरिकाको आन्तरिक सुरक्षा विभागका अनुसार अमेरिकामा ३ लाख भन्दा धेरै नेपालीमूलका बासिन्दा छन् । जसमध्ये २ लाख जनाले ग्रीनकार्ड र झण्डै ८७ हजार जनाले नागरिकता प्राप्त गरेका छन् । २० हजार जना विद्यार्थी छन् भने २० हजार जनाले शरणार्थीका रूपमा आवेदन दिएका छन् । ७ हजार ५ सय जनाले अस्थायी आवासीय अनुमति पाएका छन् ।

अमेरिकाको अध्यागमन र भन्सार प्रवर्द्धन कार्यालयले १ हजार ३६५ भन्दा केही धेरै नेपाली अनधिकृत रहेको अनुमान गरेको छ । अमेरिकामा अहिले १ करोड २० लाख जना अवैध आप्रवासी रहेको प्यु रिसर्चले जनाएको छ । तीमध्ये सबैभन्दा बढी मेक्सिकोका झन्डै ५० लाख जना छन् । दोस्रोमा एल साल्भाडोरका ७ लाख ५० हजार र तेस्रोमा भारतका ७ लाख २५ हजार जना अनधिकृत आप्रवासी छन् ।

**कति नेपाली जोखिममा ?**

ठूलो मात्रामा आप्रवासीहरूलाई निष्कासन गर्ने भएसँगै अमेरिकामा रहेका नेपाली आप्रवासी समुदाय पनि प्रभावित हुने भएको छ ।

ट्रम्पको निष्कासन योजनामा अमेरिका छोड्न अदालतबाट अन्तिम आदेश पाइसकेका तर अझै अमेरिका नछोडेका व्यक्तिहरू मुख्य प्राथमिकतामा पर्नेछन् ।

हालसम्म अमेरिकी इमिग्रेशन अदालतहरूले ३ हजार ५०० नेपालीहरूलाई निष्काशन आदेश जारी गरिसकेका छन् । तीमध्ये करिब २ हजार जनाले स्वेच्छिक रूपमा अमेरिका छोडेका छन् ।

तर, अझै करिब १ हजार ५०० व्यक्ति टीपीएस अन्तर्गत सुरक्षित भए पनि निष्काशन आदेशको अन्तिम सूचीमा छन् । ट्रम्प प्रशासनले टीपएस समाप्त गरेमा करिब ३ हजार नेपाली ६ महिनाभित्रै निष्काशनको जोखिममा पर्ने छन् ।

अमेरिकामा सबैभन्दा धेरै गैरकानुनी आप्रवासी मेक्सिकोका छन् । सेन्टर फर माइग्रेसन स्टडिजले दिएको जानकारी अनुसार अमेरिकामा करिब ५२ लाख मेक्सिकन रहेका छन् । धेरै आप्रवासी देशहरू मध्ये भारत पाँचौं स्थानमा छ । अमेरिकामा ४ लाख भारतीय गैरकानुनी रूपमा बसोबास गरिरहेको यो अध्ययनले देखाएको छ । गत हप्ता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यसमध्ये १८ हजार गैरकानुनी रूपमा रहेका भारतीयलाई स्वदेश फर्काउन पहल गर्ने वचनबद्धता व्यक्त गरेका थिए ।

भारतपछि फिलिपिन्सका ३ लाख र २ लाख ४१ हजार चिनियाँ गैरकानुनी रूपमा रहेका छन् । यो मामिलामा नेपाल २६ औँ स्थानमा छ । नेपालका ३६ हजार आप्रवासी गैरकानुनी रूपमा रहेको तथ्यांक छ । यो संख्या कुल गैरकानुनी आप्रवासीको ०.३ प्रतिशत हो । नेपालपछि रूस छ । रूसका ३६ हजार आप्रवासी कागजविहीन यहीँ बसेका छन् । दक्षिण एसियाका बंगलादेश, अफगानिस्तान र पाकिस्तान क्रमशः ३९, ४२ र ५२ औँ स्थानमा छन् ।

अमेरिकाको गृह मन्त्रालय र प्यू रिसर्चको ताजा तथ्यांकका अनुसार सन् २०२२ सम्ममा अमेरिकामा झन्डै १ करोड १० लाख अप्रमाणित आप्रवासीहरू छन् । उक्त सङ्ख्या अमेरिकाको कुल जनसंख्याको झन्डै ३.३ प्रतिशत हो ।

सन् २००५ यता उक्त संख्या तुलनात्मक रूपमा स्थिर छ । यद्यपि प्यूले आधिकारिक तथ्यांकमा केही पक्ष प्रतिबिम्बित हुन नसक्ने चेतावनी दिएको छ । यो तथ्यांकमा क्युबा, भेनेजुएला, हेइटी र निकारागुआका मानवीय आधारमा अनुमति पाएका ५ लाख आप्रवासीहरूसँग सम्बन्धित विवरण छुटेको हुन सक्छ ।

धेरैजसो अप्रमाणित आप्रवासीहरू लामो समयदेखि अमेरिकामा बस्दै आएका छन् । तीमध्ये झन्डै ८० प्रतिशत मानिस अमेरिकामा १ दशकभन्दा बढी समयदेखि बस्नेहरू छन् र झन्डै आधाजसो मेक्सिकोका छन् । त्यसपछि ग्वाटेमाला, एल सासल्भाडोर र होन्डुरसका छन् । उनीहरू मुख्यतः ६ राज्य क्यालिफोर्निया, टेक्सस, फ्लोरिडा, न्यूयोर्क, न्यूजर्सी र इलिनोईमा बसिरहेका छन् ।

कानुनी मामिला निरूपण गर्न अप्रमाणित आप्रवासीहरूसँग कानुनी प्रकिया अनुसरण गर्ने र त्यति बेलासम्म आफूसँग राम्रो व्यवहार गरिनुपर्ने अधिकार हुन्छ। त्यसमा देशनिकाला हुनुअघि अदालतमा सुनुवाइ गर्नुपर्ने व्यवस्था छ ।

देशनिकाला गर्ने संख्यामा ठूलो वृद्धि गर्न आप्रवासनसम्बन्धी विषय हेर्ने न्यायिक प्रणालीमा व्यापक विस्तार गर्नुपर्ने हुन्छ ।

सामूहिक देशनिकालाको योजनाविरुद्ध तत्कालै अध्यागमन र मानव अधिकार पैरवीकर्ताबाट मुद्दा पर्ने सम्भावना छ ।

यद्यपि सन् २०२२ को सर्वोच्च अदालतको एउटा आदेशले मुद्दा चलिरहेको छ भने पनि अध्यागमनसम्बन्धी कामलाई निरन्तरता दिने अनुमति प्रदान गरेको छ ।

सरकारले वैधानिक रूपमै त्यस्तो कारबाही थाल्यो भने पनि सरकारी निकायहरूले अमेरिकाको सीमा र देशभित्र पनि ठूलो व्यवस्थापकीय चुनौती खेप्नुपर्ने छ ।

गत दशकमा अमेरिकाभित्रबाट देशनिकाला भएका आप्रवासीहरूको वार्षिक संख्या १ लाख जनाभन्दा कम छ । यसअघि ओबामा प्रशासनको समयमा त्यो संख्या वार्षिक २ लाख ३० हजारसम्म पुगेको थियो ।

# समावेशी आधारमा न्यायाधीश नियुक्ति गर्नेछौं: कानुनमन्त्री

**काठमाडौं/मस**–कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले समावेशी आधारमा न्यायाधीश नियुक्ति प्रक्रियालाई अगाडि बढाउनेमा बताएका छन् । नेपाल बार एशोसिएसन र युवा कानुन व्यवसायी सरोकार समाजद्वारा बुधबार आयोजित पहिलो युवा कानुन व्यवसायी सम्मेलनको पहिलो सत्रलाई सम्बोधन गर्दै उनले न्यायाधीश नियुक्तिको क्रममा समावेशी आधारलाई जोड दिने उल्लेख गरे ।



मन्त्री चौरसियाले युवा कानुन व्यवसायीहरूको पेसागत सुरक्षा र हकहितका लागि काम गर्न सरकार तयार रहेको जानकारी दिए । 'न्यायिक सुधारका लागि कानुन व्यवसायीको महत्वपूर्ण भूमिका रहेको छ, कानुन व्यवसायीको मानमर्दन हुने काम बन्द हुनुपर्छ', उनले भने, 'साथै कानुन व्यवसायीमाथि हुने हातपात पनि बन्द गरिनुपर्छ ।'

उनले लोकतान्त्रिक व्यवस्था लागू गर्न कानुन व्यवसायीको भूमिका उल्लेख्य रहेको भन्दै मुलुकको व्यवस्था सुधारमा कानुन व्यवसायीहरू अग्रपङ्क्तिमा रहेर सरकारलाई सहयोग गरिरहेका बतारे । सुशासन, पारदर्शी, कानुनी शासन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको उनले जानकारी दिए ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलले विशेष गरी युवा वकिलहरूको पेसागत सुरक्षामा चुनौती देखिएको भन्दै पेसागत सुरक्षाका लागि नेपाल बार एशोसिएसनले भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिए । 'युवा कानुन व्यवसायीलाई पेसागत सुरक्षाको चुनौती छ, यो समस्या समाधान गर्न बार एशोसिएसनले पहल गर्नु जरुरी छ', उनले भने, 'युवाहरूले पनि आफ्नो बहसलाई सशक्त बनाउनका लागि अध्ययन अनुसन्धानमा जोड दिनुपर्छ ।'

नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कानुन व्यवसायीको क्षमता अभिवृद्धिका लागि 'लयर एकेडेमी'को परिकल्पना गरिएको बताए । अदालतभित्र हुने भ्रष्टाचार अन्त्य गर्न सबै सक्रिय रूपमा लाग्न उनले सुझाव दिए ।

महासचिव अञ्जिता खनालले राजनीतिक आस्थाको आधारमा बारको सदस्यता वितरण गर्न नहुने धारणा राखिन् । उनले भनिन्, '३३ प्रतिशत कानुन व्यवसायी जो कुनै पनि राजनीतिक दलमा आबद्ध हुनुहुन्न । उहाँहरूले बारको सदस्यता पाउन सक्नुभएको छैन । आगामी दिनमा ती सबैलाई बारको सदस्यता वितरणका लागि पहल गर्नेछौं ।' सबै क्षेत्रमा न्यायिक पहुँच पुऱ्याउनका लागि न्यायालय पनि विकेन्द्रीकरण हुनुपर्नेमा उनको जोड थियो ।

अन्तर्राष्ट्रिय क्षेत्रका प्रतिनिधिबाट पनि सम्बोधन गरिएको कार्यक्रममा युवा कानुन व्यवसायी सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिएको थियो ।

# सिँचाइ गर्न सोलार वाटर लिफ्टिङ

**खोटाङ/मस**–हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मीटारस्थित दाल्फुका ३२ घरका स्थानीयको खेतबारी सिञ्चित गर्न सोलार वाटर लिफ्टिङ आयोजनाको काम सुरु गरिएको छ ।



स्थानीय फिर्कुखोलाको पानी साविकको च्यास्मीटार-४ दाल्फुमा निकालेर खेतबारी सिञ्चित गर्ने गरी 'च्यास्मीटार सोलार वाटर लिफ्टिङ आयोजना'को काम अघि बढाइएको हो ।

सुक्खाग्रस्त क्षेत्रमा पर्ने दाल्फुमा सिँचाइको व्यवस्थापन गर्दै स्थानीयको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले फिर्कुखोलाको पानी गाउँमा निकाल्न सोलार वाटर लिफ्टिङ आयोजना सञ्चालन गरिएको हलेसी तुवाचुङका नगर प्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । युएनडिपी/जिइएफअन्तर्गतको जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजनामार्फत प्राप्त भएको एक करोड ६९ लाख १३ हजार चार सय १५ बजेटमा सोलार वाटर लिफ्टिङ आयोजनाको काम सुरु गरिएको हो । सम्झौता गरेको मितिले तीन महिनाभित्र सम्पन्न गर्ने गरी सुरुआत गरिएको सोलार वाटर लिफ्टिङ आयोजनाको शिलान्यास यही माघ १४ गते नगरप्रमुख विमला राईले गरेकी थिइन् । विसं २०८१ फागुन १६ गतेसम्ममा निर्माणको काम सम्पन्न गरेर पानी सञ्चालन गर्ने गरी ठेकेदार कम्पनी सूर्योदय ऊर्जा प्रालिले विसं २०८१ मंसिर ४ गते आयोजनाको ठेक्का सम्झौता गरेको थियो ।

सोलार वाटर लिफ्टिङ आयोजना सम्पन्न भएर सञ्चालनमा आएपछि दाल्फुका स्थानीयको खेत तथा बारी गरी करिब पाँच सय रोपनी सिञ्चित हुने जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना अधिकृत सिभिल इञ्जिनियर अष्टराम छुकांले जानकारी दिए ।

गाउँभन्दा करिब एक हजार दुई सय मिटर तल रहेको फिर्कुखोलाको पानी लिफ्ट गर्नका लागि खोलादेखि गाउँको बीचमा तीन भिन्नाभिन्नै रिजर्भ (संकलन गर्न मिल्ने) ट्यांकी निर्माण गर्ने डिजाइन गरिएको छ ।

# 'अन्धोपन निवारणका लागि सहकार्य आवश्यक छ'

**काठमाडौं/मस**–नेपाल नेत्रज्योति संघको सहकार्यमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा चार सय ५० जनाले आँखाको जाँच तथा तीन सय ५० जनालाई निःशुल्क चश्मा वितरण गरिएको छ ।

शहीद दिवसको अवसरमा नेपाली कांग्रेस टोखा नगर कार्यसमिति र जनकल्याण सामाजिक केन्द्रद्वारा बुधबार आयोजित सो कार्यक्रमको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले शुभारम्भ गर्दै स्वास्थ्य क्षेत्रमा सामाजिक काम गर्ने स्वयंसेवीलाई सरकारले सहयोग गर्ने बताए ।

'स्वास्थ्य क्षेत्रमा शिविर राख्नका लागि आवश्यक पर्ने जनशक्ति र औषधि सरकारले सहयोग गर्छ', उनले भने ।

कार्यक्रममा नेपाल नेत्रज्योति संघका अध्यक्ष प्राडा चेतराज पन्तले संघ अन्तर्गत देशभरमा २८ आँखा अस्पताल, १५६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखाहरू सञ्चालनमा रहेको जानकारी दिँदै स्थापनादेखि हालसम्म संघको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिकहरू गरी कुल चार करोड ३६ लाख २६ जना आँखाका बिरामीहरूलाई आँखा उपचार सेवा प्रवाह र ५१ लाख ३३ हजार ६५९ जनाको आँखाको शल्यक्रिया भइसकेको बताए । उनले भने,' अन्धोपन निवारणका लागि साझा सहकार्य आवश्यक छ ।'

नेपाली कांग्रेस टोखा नगरपालिकाका सभापति ओमकृष्ण विमलीले पार्टीले सामाजिक क्रियाकलापलाई पनि निरन्तरता दिँदै आएको उल्लेख गरे । जनकल्याण सामाजिक केन्द्रका अध्यक्ष विकासकुमार दासले काठमाडौं उपत्यकासहित देशभरका विभिन्न स्थानमा पुगेर तीन सय ५२ पटक निःशुल्क स्वास्थ्य शिविर गरिसकेको बताए ।

**युएईमा रोजगार**
कम्पनी : BAIT AL MAHABBA BUILDING MAINT AND CLEANING SERVICES L.L.C
पूर्व स्वीकृत मितिः २०८१/१०/१५ चलानी नं.: ६०२३२१९० शहरः UAE
L.T. No.: 317898

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TILE LAYER | 20 | 0 | स. काममा दक्ष | 1200 | ४५,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८१ माघ २४ गते (6 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No. 1738 081/82
**SAMPADA HR OVERSEAS PVT.LTD.**
Bhimsengola, Kathmandu Nepal, Phone: 977-1-4502100

मध्यान्ह
www.madhyanhadaily.com



# स्टन्टबाजीबाट देश चल्दैन : प्रधानमन्त्री

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिसहित समाजका हरेक क्षेत्रमा सुधारको आवश्यकतामा जोड दिँदै कुनै स्टन्टबाजीबाट देश नचल्ने बताएका छन् ।

नेपाल बार एशोसिएसन र युवा कानुन व्यावसायी सरोकार समाजद्वारा आयोजित पहिलो युवा कानुन व्यावसायी सम्मेलन, २०२५ को उद्घाटनसत्रलाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यथार्थमा जनताप्रति इमानदारिता र बफादारिताका साथ सबैले आफ्नो कर्तव्य पूरा गरेर देशलाई भद्रगोल र विपन्नबाट मुक्त बनाउनुपर्ने बताएका हुन् ।



उनले राजनीतिक दलहरुको नेतृत्व र जनताको सहभागितामा लोकतन्त्र ल्याइएकाले अब शान्तिसुरक्षा, सुशासन र समृद्धि कायम गर्न सबै कटिबद्ध हुनुपर्नेमा जोड दिए । प्रधानमन्त्री ओलीले सांसदहरुले कानुन बनाउँदा सार्वभौमसत्तासम्पन्न जनताका तर्फबाट कानुन बनाउँदैछु भन्ने कुरा हेक्का राखेर काम गर्नुपर्ने र सरकारले म नै सबकुछ हुँ भन्ने भ्रम पाल्न नहुने स्पष्ट पारे ।

'संसदले न्यायपूर्ण कानुन बनाउनुपर्छ । सम्बन्धित निकायहरु त्यसअनुसार चल्नुपर्छ । सन्तुलत र नियन्त्रणको सिद्धान्तका साथै लोकतन्त्रमा आफै कानुनको पालना गर्ने अभ्यास अझ आवश्यक हुन्छ', प्रधानमन्त्री ओलीले भने,'देशप्रति साँच्चै इमानदार भएर सुशासनयुक्त, भ्रष्टाचारमुक्त, समृद्ध र सुखी नेपाली बनाउन सकियोस् भनेर सरकार लागिरहेको छ, यसमा कानुन व्यवसायीको सक्रिय साथ रहने मैले विश्वास लिएको छु ।'

प्रधानमन्त्री ओलीले सम्मेलनका निष्कर्षहरु कार्यान्वयनका लागि सरकारबाट तर्फबाट प्रत्याभूति दिँदै युवा कानुन व्यवसायीले न्यूनतमभन्दा कम पारिश्रमिक पाउने अवस्था अन्त्य हुनुपर्ने बताए। उनले सरकार कानुन व्यवसाय र युवाहरुको साथमा रहेको स्पष्ट गर्दै यस क्षेत्रको भलाइ र उन्नतिका लागि सरकार सरकारले कानुन निर्माणलगायतका काममा उचित ध्यान दिने विश्वास दिलाए ।

# अस्थिर सरकार विकासको बाधक : उद्योग मन्त्री




**बैतडी/मस–** उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले राजनीतिक स्थायित्वले मात्रै विकास र समृद्धि सम्भव हुने बताएका छन् ।

गृह जिल्ला बैतडीमा रहेका मन्त्री भण्डारीले बुधबार २ वटा नगरपालिका(दशरथचन्द र पाटन) मा आयोजित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै छोटो समयमा सरकार बदलिँने अवस्थानै विकासको बाधक बनेको बताए ।

सरकारको नीति तथा कार्यक्रम र बजेट एक सरकारले ल्याउने र कार्यान्वयन गर्दा अर्कै सरकार हुने अवस्थाले विकास निर्माणका क्रियाकलाप अघि बढ्न नसकेको बताए ।

'स्थायीत्व भए मात्रै दिगो विकासको अनुभुति गर्न सकिन्छ, भारत र चीन जस्ता देशहरु दीर्घकालिन सरकारकै कारण द्रुत विकासको उपभोग गरिरहेका छन्,' मन्त्री भण्डारीले भने,'राजनीतिक स्थायीत्व आवश्यक छ, प्रणालीभित्र पनि नीतिगत त्रुटीहरु छन् यसलाई सच्याउनु पर्नेछ, त्यसमा सरकार लागेको छ' उनले भने । उनले आफु पनि १ वर्षकै अवधिभित्र ३ पटक मन्त्री बनेको बताए ।

बैतडीबाट प्रतिनिधित्व गरेर उद्योग मन्त्रालयको जिम्मेवारी समाल्दा आफु कहिकतै नडगमगाएको मन्त्री भण्डारीको दाबी छ ।

लामो समयसम्म बैतडीबाट प्रतिनिधित्व गरिरहेको बताउँदै उनले आधारभूत विकासका संरचना, विकासका आयोजना, गुणस्तरीय शिक्षा प्रदान लगायतका सेवा प्रवाहमा प्रतिवद्धता जनाए अनुसार काम भइरहेको बताए । उनले बैतडीको झुलाघाटस्थित महाकाली नदीमा मोटरेबल पूल निर्माणका लागि भारत सरकारसँग निरन्तर छलफलमा रहेको बताए ।

वर्तमान सरकारले विकासका बाधक रहेका ऐन, कानुनहरुलाई संशोधन गरिरहेको र अब यसले छिट्टै नतिजा दिने मन्त्री भण्डारीले बताए । सोही कार्यक्रममा सहभागि सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार मन्त्री सुरेन्द्र पालले वडा नं २ को भौतिक विकासका लागि आफ्नो पहल रहिरहने बताए ।

# 'युवाहरूलाई विदेश पलायन हुनबाट रोके देशले समृद्धि हासिल गर्छ'



**विराटनगर/मस–** मोरङ जिल्लास्तरीय वादविवाद प्रतियोगिताको पुरस्कार सेन्ट जोसेफ र सत्यनारायण माध्यमिक विद्यालयले हात पारेको छ ।

चुडाकवि फाउन्डेसनको आयोजनामा बुढीगंगा गाउँपालिकास्थित स्मृति बोर्डिङ स्कुलमा भएको प्रतियोगितामा पक्षको तर्फबाट सेन्ट जोसेफका रिजन मिश्र र विपक्षमा सत्यनारायण माविका युनिसा गौतम प्रथम भएका छन् । पक्षमा पोखरिया माध्यमिक विद्यालयकी रागिनी न्यौपाने द्वितीय हुँदा विपक्षमा मोरङ पब्लिकका आज्ञा ओली भए । तृतीयमा पुरस्कार पक्षमा एभरेस्ट माविका खिलराज ढकाल र विपक्षमा साजिलाल माविका आरती अधिकारीले प्राप्त गरे ।

पुरस्कृत हुने विद्यार्थीहरू प्रक्ष र विपक्षमा प्रथम द्वितीय र तृतीयले क्रमशः २० हजार, १५ हजार र ११ हजार रुपैयाँ प्राप्त गरे । वादविवाद प्रतियोगितामा उत्कृष्ट पक्ष र विपक्ष दुवै समूहलाई नगदसहित शिल्ड र प्रमाणपत्र प्रदान गरिएको थियो । सहभागी हुने सम्पूर्ण विद्यालयहरूलाई विशेष प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा मोरङ जिल्लाका सामुदायिक तथा संस्थागत तर्फका ३४ वटा माध्यमिक विद्यालयहरू सहभागी थिए । प्रतिस्पर्धी विद्यालयहरूबाट प्रत्येक विद्यालयका एक/एक जना छात्र र छात्रा सहभागी थिए । सिस्नु पानी नेपालका सरोज घिमिरे, साहित्यकार तथा लेखक सुविन भट्टराई, शिक्षा क्षेत्रका भेषजा काफ्लेले प्रतिस्पर्धीको निर्णायकको भूमिका निभाएका थिए ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा 'भौतिक पूर्वाधार विकास कि सामाजिक पूर्वाधार विकास' शीर्षकमा विद्यार्थीहरूले आफ्नो पक्ष र विपक्षमा तर्कहरू प्रस्तुत गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले युवाहरूलाई देशको विकासमा लगाउन सक्नुपर्नेमा जोड दिइन् । युवाहरूलाई विदेश पलायन हुनबाट रोक्ने खालका कार्यक्रम ल्याउन सके देशले समृद्धि प्राप्त गर्ने उनले बताइन् ।

पूर्व राष्ट्रपति भण्डारीले १५ देखि ६० वर्ष उमेर समूहलाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्नुपर्नेमा जोड दिइन् । यो उमेरको जनसंख्यालाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्न सक्ने हो भने देशले धेरै फाइदा लिन सकिने उनले बताइन् । देशको विकासका लागि राजनीतिक स्थिरता, दिगो शान्ति र सुशासन अपरिहार्य रहेको उनको भनाइ थियो ।

'मुलुकमा रहेका सम्पूर्ण राजनीतिक दल, पार्टीका नेता कार्यकर्ता र सदस्यहरूले उच्च तहको लोकतान्त्रिक संस्कार र संस्कृति आत्मसात गरी जस्तोसुकै परिस्थितिमा पनि असल अभ्यासबाट विचलित हुनु हुँदैन,' उनले भनिन्, 'यसबाट नै देश र दलहरूको लोकतान्त्रीकरणको प्रक्रियालाई थप टेवा पुग्ने तथा दलहरूको लोकतान्त्रीकरणले कहिले पनि कसैले लोकतन्त्रमाथि चुनौती खडा गर्न सक्दैन ।'

दलका नेता तथा कार्यकर्ताको सैद्धान्तिक, वैचारिक निष्ठा एवम् इमानदारिता र सक्रियतालाई आधार मानेर नै जनताले आवधिक मूल्यांकन गर्ने भएकाले जुनसुकै बहानामा पनि यस कुरामा आँच आउन नदिन उनले आग्रह गरिन् । देशमा समृद्धि हासिल गर्ने साझा विषयमा उच्च स्तरको मतैक्यता कायम गर्दै देश र जनताको पक्षमा अबिछिन्न अविचलितरूपमा खट्नुपर्ने बताइन् ।

प्रतिष्ठानकी महासचिव रिता न्यौपानेले यसअघि स्मृति बोर्डिङ स्कुलको नेतृत्वमा हुँदै आएको यो प्रतियोगिता यस वर्षदेखि चुडाकवि प्रतिष्ठानले आफ्नो बुबा र आमाको नाममा गरेको जानकारी दिइन् । विगत चार वर्षदेखि हुँदै आएको प्रतियोगितालाई यो वर्ष सबैको अपनत्व हुने गरी प्रतिष्ठानमार्फत गरिएको बताइन् । प्रतिष्ठानले बुढीगंगा गाउँपालिकामा कार्यरत ३८ जना महिला स्वयंसेविकाहरूलाई सम्मान गरेको थियो ।

# समाजवादी मोर्चाले काठमाडौं र मधेशमा खबरदारीसभा गर्ने



**काठमाडौं/मस–** समाजवादी मोर्चाले भ्रष्टाचारविरूद्ध र सुशासनको पक्षमा आगामी चैत २४ गते काठमाडौंमा खबरदारीसभा गर्ने निर्णय गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालय आलोकनगरमा बुधबार बसेको बैठकले आगामी चैतको पहिलो साता तराई/मधेशमा जनसभा गर्ने निर्णय गरेको नेपाल कम्युनिष्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माले जानकारी दिए ।

बैठकले मोर्चाको विचार, नीति र उद्देश्यलाई आमनागरिक र राजनीतिक वृत्तमा पुर्‍याउनका लागि 'समाजवादी मोर्चा' प्रकाशन गर्ने निर्णय गरेको उनले जानकारी दिए । मोर्चाले आगामी फागुनको अन्तिम सातासम्म उक्त प्रकाशन गरिसक्ने निर्णय गरेको छ ।

सातवटै प्रदेशमा समाजवादी आन्दोलनको आवश्यकता सम्बन्धमा छलफल र अन्तरक्रिया गर्ने निर्णय भएको प्रवक्ता विश्वकर्माले जानकारी दिए ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवलगायत सहभागी थिए ।

# सामाजिक सञ्जाल विधेयकमा समावेश प्रावधानप्रति महासंघ असहमत




**काठमाडौं/मस–** सरकारले संघीय संसदमा दर्ता गराएको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयकका केही प्रावधानप्रति नेपाल पत्रकार महासंघले असहमति जनाएको छ ।

महासंघले भनेको छ, 'अगुवा नागरिक संस्था महासंघलगायत सरोकारवाला पक्षसँग सामान्य परामर्श र छलफलसमेत नगरी सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा आघात पार्ने केही प्रावधान समावेश गरी विधेयक अगाडि बढाएकामा महासंघ गम्भीर असहमति गर्दछ ।'

महासंघले विज्ञप्ति जारी गरी सरोकारवाला पक्षसँग गहिरो संवादमार्फत विश्वव्यापी मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मूल्यमान्यता, हाम्रो संवैधानिक प्रावधान र प्रचलित अभ्याससँग तालमेल मिल्ने गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने प्रावधानहरू सच्याएर मात्र विधेयक अगाडि बढाउन नेपाल सरकार र संघीय संसद्सँग आग्रहसमेत गरेको छ ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन र नियन्त्रण गर्ने कुनै पनि कानुन स्वीकार्य नहुने भन्दै सम्बद्ध पक्षको ध्यानाकर्षण गराएको छ ।

# एचपीभी खोप अभियानः अभिनेत्री कोइरालालाई सद्भावनादूत घोषणा



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रम तथा एचपीभी खोप अभियानका लागि वरिष्ठ अभिनेत्री एवं समाजसेवी मनिषा कोइरालालाई सद्भावनादूत घोषणा गरेको छ । मन्त्रालयले बुधबार एक कार्यक्रम आयोजना गरी उनलाई सद्भावनादूत घोषणा गरेको हो ।

कार्यक्रममा अभिनेत्री कोइरालाले आफू क्यान्सरबाट पीडित भएर निको भएको बताउँदै निरोधात्मक पूर्वतयारी गरे पाठेघरको मुखको क्यान्सरबाट हुने जोखिमबाट बच्न सकिने उल्लेख गरिन् । खोपको प्रोत्साहन गर्ने सामाजिक काममा सहभागी हुन पाउँदा गर्व महसुस भएको बताउँदै उनले यस अभियानमा सबैलाई हातेमालो गरेर अघि बढ्न आग्रह गरे ।

संघीय सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप अभियान यही माघ २२ गतेदेखि सुरु गर्दैछ । आगामी फागुन ६ गतेसम्म देशैभरि सञ्चालन हुने यस अभियानअन्तर्गत १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई एचपीभी खोप लगाइँदैछ ।

एचपीभी खोप लगाएमा पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित हुन सकिने र खोप प्रारम्भिक किशोर अवस्थामा लगाएमा प्रभावकारी हुने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यस सन्दर्भमा प्रारम्भिक किशोरावस्था भन्नाले १० देखि १४ वर्षको उमेरलाई बुझाउँछ ।

मन्त्रालयले यही माघ २२ गते (विश्व क्यान्सर दिवसका) दिन खोप अभियानको सुरूवात गर्ने जनाएको हो । नेपालमा औसतमा हरेक दिन ६ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने र चारजना महिलाहरूको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको स्वास्थ्य मन्त्रालयको तथ्यांकले जनाएको छ ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पुर्‍याउन सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको जानकारी दिए । जसअनुसार १० देखि १४ वर्षसम्म उमेरका कम्तीमा ९० प्रतिशत किशोरीलाई एचपिभी खोप दिइने र ३० वर्षभन्दा माथिको उमेर समूहका कम्तीमा ९० प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरिने उनले उल्लेख गरे । उनका अनुसार पाठेघरको मुखको क्यान्सर पहिचान भएका कम्तीमा ९० प्रतिशत महिलाको उपचार गरिने छ ।

यो वर्ष देशव्यापी रूपमा एचपीभी खोप अभियान सञ्चालन गरिँदैछ । यस अभियानमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई एचपीभी खोप दिइनेछ ।

मन्त्री पौडेलले भने,'मुलुकलाई सबैखाले क्यान्सरमुक्त बनाउन उपचारात्मक मात्र होइन अब निरोधात्मक अभियानमा लागेका छौँ । धेरै मृत्यु हुने गरेको पाठेघरको मुखको क्यान्सरबाट महिलालाई जोगाउन यो अभियान सुरु गरेका हौँ ।'

एचपीभी खोप सेवालाई आगामी वर्षदेखि नियमित अभियानका रूपमा सञ्चालन गरिने मन्त्री पौडेलले जानकारी गराए । अभियानअन्तर्गत विद्यालय जाने कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई हरेक वर्ष एचपीभी खोप दिइने मन्त्रालयले जनाएको छ ।

एचपीभी खोपका लागि लक्षित गरेका अधिकांश किशोरीहरू विद्यालयमा अध्ययन गर्ने भएकाले खोप सेवा पनि मुख्यतः विद्यालय केन्द्रित हुनेछ । विद्यालयहरूमा खोप सेवा सञ्चालनपछि स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रहरू तथा वडा कार्यालयबाट समेत यो खोप प्राप्त गर्न सकिने मन्त्रालयले जनाएको छ ।

यस वर्ष सञ्चालन हुने एचपीभी खोप अभियानमा १८ हजार नौ सय विद्यालय र आठ हजार दुई खोप केन्द्रहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेलले जानकारी दिए । उनका अनुसार खोप दिने स्वास्थ्यकर्मीहरू करिब २७ हजार र स्वयम्सेवक ५४ हजारभन्दा बढी परिचालन हुनेछन् ।

खोप अभियानका लागि १७ लाख ७० हजार २० मात्रा एचपीभी खोप प्राप्त भएको जानकारी दिँदै उनले यो खोप प्रदेश तहमा पुर्‍याइसकिएको र अभियान सञ्चालन अगाडि सम्बन्धित स्वास्थ्य संस्थामा पुग्नेगरी खोप वितरण गरिने बताए । अभियानका लागि गाभीबाट सहयोग र नेपाल सरकारको सहलगानी रहेको छ । हरेक वर्ष नियमित खोप कार्यक्रममा एचपीभी खोप समावेश गरी दिगो रूपमा खोप दिने लक्ष्य नेपाल सरकारले लिएको छ ।

# स्रोत नखुलेको नगदसहित दुई जना पक्राउ

**पर्सा/मस–** वीरगंज महानगरपालिका-१० आदर्श नगरबाट स्रोत नखुलेको नगद ६ लाख रूपैयाँसहित भारत बिहार राज्य पूर्वी चम्पारण मोतिहारी थाना रक्सौल घर भएका २७ वर्षीय ओम कुमार रौनियारलाई प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बिआर ०५ क्यू ४३८४ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो ।

यस्तै, बाराको बिश्रामपुर गाउँपालिका-३ मुसहर्वा चोकबाट स्रोत नखुलेको नगद ३ लाख २ हजार ५ सय ६५ रूपैयाँसहित भारत ग्राम पंचायत जडवा मोतिहारी बस्ने ३८ वर्षीय प्रमोद प्रसाद साहलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी मुसहर्वाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको ना.१४ प ७९२५ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# आगलागीबाट मृत्यु

**डोल्पा/मस–** मुड्केचुला गाउँपालिका-४ ईल गाउँमा बुधबार बिहान आगलागी हुँदा एक जनाको मृत्यु भएको छ । ईल गाउँस्थित बादी सार्कीको घरमा आगलागी हुँदा ७५ वर्षीया सार्कीको सुतेको अवस्थामा ज्यान गएको मुड्केचुला-४ का वडाध्यक्ष कृतिबहादुर बुढाले जानकारी दिए ।



उनका अनुसार आगलागीबाट सार्कीको कच्ची दुई तले घर पूर्णरूपमा क्षति भएको छ । वृद्धावस्था र शारीरिक अशक्तका कारण घरभित्र चुलो नजिक सुतिरहेको अवस्थामा ओढेको कम्मल जल्दा आगलागी भइ सार्कीको निधन भएको हो । मृतक सार्कीका ज्वाइँ र छोरी खेत गएको बेला घरमा आगलागी भएको थियो । आगलागीपछि ईलस्थित प्रहरी चौकीका सुरक्षाकर्मी, स्थानीय, जनप्रतिनिधिलगायतले गोठमा भएका पशुचौपायाको सकुशल उद्धार गरेको वडाध्यक्ष बुढाले बताए ।

मध्यान्ह
www.madhyanhadaily.com
१७ माघ २०८१ बिहीबार
30 January 2025, Thursday

## सम्पादकीय

# सरकारले लिनुपर्ने पहलकदमी

अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्पले पदभार ग्रहण गरेसँगै गैरकानूनी आप्रवासीहरूप्रति कठोर नीति कार्यान्वयनमा लगेका छन् । उनले राष्ट्रपतिको चुनाव जित्दा घोषणा गरेका मध्ये यो एक महत्वपूर्ण एजेण्डा थियो । 'अमेरिका फस्ट' नीति अख्तियार गर्दै ट्रम्पले गैरकानूनी आप्रवासीहरूलाई उसकै देशमा फिर्ता पठाउने, विश्व स्वास्थ्य संगठनमा भइरहेको लगानी घटाउने, युद्धहरूबाट अलग हुने, जलवायु परिवर्तनका कार्यक्रममा लगानी नगर्ने, बाह्य देशका उत्पादनमा कर बढाउने जस्ता घोषणा गरेका थिए । बहालवाला राष्ट्रपति जो वाइडेनलाई हराएर राष्ट्रपति निर्वाचित भएपछि ट्रम्पले पूर्वघोषित कार्यक्रमहरू कार्यान्वयनमा लगेका छन् । पूर्व घोषित निर्णयहरू त्यसमध्ये गैरआप्रवासीहरूलाई उसकै देश पठाउने निर्णयलाई देखिनेगरी कार्यान्व्यनमा लगेका छन् ।

मेक्सिको, क्यानडा, भारत लगायत देशबाट अमेरिका बसिरहेका गैरकानुनी आप्रवासीहरूप्रति ट्रम्प प्रशासन कठोर देखिएको छ । नेल लगाएर स्वदेश फर्काइएको दृष्यबाट ट्रम्प प्रशासनले यो एजेण्डामा सम्झौता नहुने सन्देश दिइसकेका छन् । ट्रम्प प्रशासनको त्यस्तो अडानबाट सवभन्दा ढबी मेक्सिको प्रभावित हुने देखिन्छ । दोस्रोमा भारत र तेस्रोमा चीन छ । अरू थुप्रै देशले पनि अमेरिकाबाट फिर्ता हुने आप्रवासीहरूबारे समस्या खेप्नु पर्ने भएको छ । छिमेकी भारतका ७ लाख बढी मानिसले अमेरिकामा गैरकानुनी बसोबास गरिरहेका अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् । यो समस्याबारे भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपति ट्रम्पसँग सम्वाद थालिसकेका छन् । बलिया देशका सरकारहरूले पनि अमेरिकी प्रशासनसँग सम्वाद थालेका छन् । किनकि ट्रम्प प्रशासनबाट कानुनी प्रक्रिया नपुगेका आप्रवासीहरूप्रति निर्मम व्यवहार गरिदैछ ।

ट्रम्प प्रशासनको नीतिबाट नेपालीहरू पनि प्रभावित बनेका छन् । गैरकानुनी रूपमा अमेरिका बसोबास गरिरहेका झण्डै तीन हजार नेपालीलाई ट्रम्प प्रशासनले नेपाल फर्काउने अनुमान विभिन्न अध्ययनहरूमा गरिएको छ । त्यस मध्ये कतिपय ओभर स्टे छन् भने कतिपय भिषा च्यातेर बसिरहेका नेपाली छन् । पछिल्लो समय त गैरकानुनी बाटो भएर अमेरिका जान दुःख पाएका वृतान्त धाराप्रवाहिक आइरहेका छन् । ठूलो रकम दलाललाई बुझाएर अमेरिका पुग्ने नेपालीहरूको संख्या बढिरहेको छ । विभिन्न कार्यक्रममा जाने र उतै लुक्ने संख्या उस्तै छ । नक्कली भुटानी शरणार्थी बनाएर समेत अमेरिका पठाउने गल्ती गर्दा जेलजीवन बिताइरहेका भीआईपीहरूबाटै नेपालीको अमेरिका मोह अनुमान लगाउन सकिन्छ । तर ट्रम्प प्रशासनले अपनाएको कठोर नीतिबाट गैरकानुनी रूपमा अमेरिका पुगेका र बसिरहेका नेपालीहरू ठूलो संकटमा पर्दैछन् । उनीहरूबारे आवश्यक निर्णय र पहलकदमी लिन नेपाल सरकारले ढिलाइ गर्न हुन्न ।

# देशको राजनीति र सहिदको सम्झना

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यस पटक पनि विभिन्न कार्यक्रम गरी सहिदहरूको सम्झना गरिएको छ । यद्यपि, सहिद धेरै थरी भएको कारण कार्यक्रम पनि भिन्न-भिन्न प्रकृतिका भए । सहिदहरू २००७ साल पूर्वका मुख्य सहिदहरू दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गंगालालमा अब सीमित रहेनन् । सहिद धेरै भएझैँ यसका स्मरण क्षेत्र, बाटा घाटा, पार्कहरू नै अनगिन्ती छन् देशमा । देशका लागि जीवन उत्सर्ग गर्ने वास्तविक सहिद हो । माघ ५ लाई बलिदानी दिवस भन्दै प्रदेश २ ले सार्वजनिक बिदा दिने गरेको छ । प्रदेश नामकरणसँगै रडाको उस्तै छ । दीर्घ कालका लागि जनकपुर राजधानी नहुने पर्सा, बारा, रौतहट, सर्लाहीका लागि अलग भोजपुरा क्षेत्र चाहिने कारण विगतमा वीरगन्जले गरेको बलिदानी धेरै भएको चर्चा छ ।

हो, मधेसमा धेरै ठूला आन्दोलन भए, विगतदेखि हालसम्म । समान सहभागिता, मधेसी पहिचान, समावेशीदेखि अनेकानेक नारा दिँदै ३ पटकसम्म आन्दोलन भयो, तर सहिदका सपना भने अधुरै छन् । २ नम्बर प्रदेशले 'मधेस प्रदेश'नामकरण गरी खुसीयालीमा छुट्टै बिदा दियो । नामकरण गरिएकै दिन दीपावली भयो भने भोलिपल्ट नारा, जुलुस, मुख्यमन्त्रीको घरमा ढुङ्गा हान्ने धेरै काम भए त्यता । सामान्यतयाः एक महिनाभित्र मानिस जन्मेपछि नामकरण हुनुपर्ने हो, तर ४ वर्षपछि नामकरण हुँदा पनि मतैक्य भएन । असन्तोष नै रह्यो भनौं २२ जिल्लामा पहिचान पाएका मधेसीहरूले अब केबल ८ जिल्लामा सीमित बन्नु पर्ने अवस्था देखियो ।

मेचीदेखि महाकालीसम्मका समथर भूमि रुचाउने तराईका मधेसीहरूले कसरी गौरव गर्लान् ? वा यो यस्तै अरू क्षेत्र पनि चिरफार हुने संकेत त होइन ? संस्कृति, संस्कार र भूगोल समेतलाई बिर्सिएर प्रदेश २ ले आफ्नो नाम राख्यो मधेस, तर मधेस वा तराई केवल सिराहा, जनकपुर आदि ८ जिल्लामा सीमित छैन, बरु झापादेखि कञ्चनपुरसम्म २२ जिल्लामा यसको पहिचान छ र त नाम राखेकै दिन दीपावली गरिए पनि भोलिपल्ट सडकभरि नारा जुलुस, सांसदहरूको पुतला दहन, मुख्यमन्त्रीको घरमा ढुङ्गा हान्ने जस्ता कर्महरू भए ।

२०६३ माघ ५ गते लहानमा विद्यार्थी नेता रमेश महतोको तत्कालीन माओवादीले चलाएको गोलीले मृत्यु भएको र मधेस आन्दोलनको जेहाद छेडिएको दिन पारेर यो प्रदेशले माघ ५ लाई सार्वजनिक बिदा भन्यो । यसरी बिदा दिँदै जाने हो भने देशभरिका लागि ३६५ दिन कम हुन्छ र शल्यक्रिया गर्दै जाने हो भने थप टुक्रिने संकेत पनि छ, सहिद धेरै छन् ।

त्यसो त राणा कालमै मधेसी समुदायको हकबारे सन् १९४८ मा नागरिक सेवामा संलग्न नरेन्द्रमणिले प्रधानमन्त्री पद्म शमशेरलाई मधेसमाथिको भेदभाव अन्त्य गर्न सुझाएका थिए । राणा शासनको जल्दो बल्दो पदमा रहेका उनलाई राणा शासन ढलेपछि बिपीले कंग्रेस पार्टीमा ल्याए, महोत्तरीको अध्यक्ष पनि बनाए । सन् १९६० मा महेन्द्रले कंग्रेस नेतृत्वको सरकारलाई अपदस्थ गरेपछि महोत्तरी, सप्तरी, सर्लाही, रौतहट, बारा, पर्साबाट निरकुंशताविरूद्ध आन्दोलन भएको थियो । राजा महेन्द्रलाई बम हान्ने दुर्गानन्द झालाई २०२० माघ १५ मा फाँसी दिइएको थियो । सन् १९५१ मै तराई छुट्टै स्वशासित प्रदेश हुनुपर्छ भन्दै माग गरिएको थियो । हिन्दी भाषालाई राष्ट्रिय भाषा माग गरिएको थियो, तराई कंग्रेसको स्थापनाको परिवेश यस्तै रहेको थियो । वीरगन्ज काण्डमा थुप्रै मधेसी नेता समातिए, पञ्चायतको विरोध गर्दा । २०२० को नागरिकता ऐनले अलिक कडाइ गरे पनि ०४६ साल पछिका दिनमा धेरै विदेशीहरू नेपाली भइसकेका छन् ।

पूर्व-पश्चिम राजमार्गले झापादेखि महेन्द्रनगरसम्मको आउजाउ सहज भयो, औलो उन्मूलनको अभियानसहित पहाडी मूलका नेपालीलाई दक्षिण सिमानामा लगेर राखियो, राष्ट्रियता बलियो पार्ने यो अभियानमा जनतालाई पुनर्वास गराउँदै तराई, पहाड मिश्रण संस्कृतिलाई बढवा दिइयो । यो क्षेत्र भएरै पूर्व-पश्चिमको यात्रा तय



२००७ सालदेखि यहाँसम्म मुलुक यत्तिकै आएको होइन । प्रत्येक घुम्तीमा नागरिकले रगत बगाएका छन् । आज हामी यत्तिकै लोकतान्त्रिक शासन भन्ने अवस्थामा होइनौं । यद्यपि, लोकतान्त्रिक भनिएको शासनले पनि सहिदहरूको एजेन्डालाई समेट्न सकिरहेको छैन । बरु, सहिदहरूकै अपमान गर्ने गरी व्यवहार गर्न थालेको देखिन्छ ।

हुने हो, वीरगन्ज जस्तो व्यापारिक नाका यहीँ छ । अबका दिनमा यही क्षेत्रले समस्या दिलायो भने काठमाडौंको वा अन्य क्षेत्रको हालत के होला ? त्यो प्रदेशभित्र पनि पहाडी मूलका लाखौं मानिस छन्,मधेसको मात्र अवधारणाले तिनको रोजी रोटी एवं समग्र देशको विकासमा के प्रभाव पर्ला ? पूर्वदेखि पश्चिमसम्म सबैतिर रहेका अन्य मधेसी मूलका मानिसको मनोविज्ञान के हुने ? मिथिला संस्कृति बोकेको ऐतिहासिक क्षेत्रलाई मधेसी मात्र नाम दिँदा इतिहास वा संस्कृतिको मर्म के हुन्छ ? अहिले पनि प्रदेश सरकारले ठूला-ठूला भाषण गर्छ तर सहिद आश्रित परिवारको बिचल्लीलाई हेर्दैन भन्ने जन गुनासो छ ।

सहिदहरूले देशको स्वाभिमानमा कुल्चिएको वा परदेशीले धावा बोलेको सहन सक्दैनन् । लिपुलेक, कालापानी सिमानाबारे भारतको अडान यथावत् छ । अहिले त बाटो खुलेर छिमेकी दुईका बिच सम्झौता भइसकेको भनिएको छ । हाम्रो सिमाना पारि दक्षिणतिर १७५१ किमी खुल्लै छ, १४१४ किमी उत्तरी सिमानाका अधिकांश भाग हिमाली रेखो पाखो छ, र विकट, आउजाउमा दुरूह छ । हाल देशमा सञ्चालित संघीय प्रणालीलाई उच्च लोकतान्त्रिक भनिएको छ । यो संविधान अनुरूप हालको व्यवस्थाको सूत्रपात १२ बुँदे दिल्ली सम्झौता हो । भनिन्छ, अहिलेको व्यवस्था ल्याउनुमा हजारौँ सहिदको बलिदानी, त्याग, तप छ, साँच्चै हजारौँले रगत बगाएका पनि हुन् । तर, देशमा लोकतन्त्रको मुहार राम्रो छैन, फटाफट अध्यादेशले देश चल्दै छ । संसद् निद्रामा छ, ब्यूझिँए पनि मलिन देखिन्छ, कुरूपभन्दा हुन्छ । विधेयक अधिवेशनमा विधेयकहरू नै पारित गरिन्न । स्वतन्त्र न्यायपालिकाको धज्जी उडेको छ, नारा, जुलुस, धर्नामा देखियो त्यो संस्था पनि । कार्यपालिकाको स्रोत अदालत भयो । मतदाता निरीह छन्, भोट दिने एक दिन शासक अरू बेला तमासे, बाँकी सबै दिन चुनेकै नेताबाट शासित हुनुपर्ने, धित खोलेर रुन हाँस्न नपाउने, करको मार, दुर्घटनाहरूको पिरलो, संवेदनहीन बजारले किचिएका छन् उपभोक्ताहरू ।

सहिदले ल्याएको लोकतान्त्रिक शासन प्रणालीमा जनताको उच्चतम् सहभागिता हुनुपर्नेमा बिहे गर्नासाथ विदेशी चेलीले यहाँको पद पाउने, समानुपातिकका नाममा भेटी मोटो थैली बुझाउनु पर्ने, शासनमा परिवार मोह, नाता, कुटुम्ब, छोरी, बुहारीको लर्को देख्नुपरेको छ । बिचरा सहिद धेरै उदार रहेछन् हाम्रा । भनिन्छ, लोकतन्त्रमा स्वच्छ, स्वतन्त्र निर्वाचन हुन्छ तर झ्याप्प बत्ती निभ्छ, मतपत्र आफैँ च्यातिन्छ, पुनः मतदान हुन्छ आफ्नैको विजय घोषणा हुन्छ । यसमा सहयोग गर्नेहरूलाई ढिलो चाँडो आफ्नै दलमा लिइन्छ । यस्तै भयो केही वर्षअघि । धन्य हाम्रा सहिदहरूले ल्याएको लोकतन्त्र कति उदार छ । हो, लोकतन्त्रमा विधिको शासन, सुशासन, पारदर्शिता, जबाफदेहिता, योग्यता, दक्षता, सिप, कार्य कुशलता, जन कल्याणकारी कार्यहरू यी आदर्श हुन् ।

लोकतन्त्रका यी गहना बिना नै सुन्दर छन् हामीकहाँ र त उखु किसान मूल्य लिन थापाथली मण्डेला, हुम्ली चामलका लागि काठमाडौँ आउँछ, दूध किसानले लैनचौर डिडिसि घेरे, बिछट्ट राम्रो भनिएको यस्तो संघीयता छ हाम्रो देशमा । भ्रष्टाचार नियन्त्रणभन्दा नारायणहिटी, गोकर्ण रिसोर्ट, सगरमाथा बेस क्याम्प, पशुपति होटेल, जानकी मन्दिर, ललिता निवास, टिकापुर, बाल मन्दिर, बाँसबारी, सेरा दरबार, गिरिबन्धु पोखरा लगायतका जग्गा हडपिएको अवस्था छ । लोकतन्त्रमा उदार अर्थ नीति अवलम्बन हुन्छ र त स्वदेशी उद्योगको नामनिसान बाँकी रहन्न, बिजुलीको पोल हाल्न विदेशी, भात, भान्छाका सामान मात्रै होइन सबैतिर विदेशी सामान र व्यापार घाटाले देश थिचिएको छ र ठूलो ऋण भारमा छ । स्वदेशीहरू भाँडा माझ्न खाडीतिर जान्छन्, भेडा चराउँछन्, फर्कँदा सहिद हुन पाउँदैनन् बरु एकै पटक बाकसभित्रै हराउँछन्, यहाँको अर्थतन्त्र माइनसतिर जान्छ, सरकार भन्छ राम्रो छ । सहिदको लोकतन्त्रमा सार्वजनिक सेवामा प्रभावकारिता हुनु पर्नेमा सेवा दिने संस्थाहरू कहाँ कहिले खुल्ने हुन् यकिन हुन्न । सबै सेवा व्यापारिक हुन्छन्, शिक्षा र स्वास्थ्य संविधानमा सीमित हुन्छन्, चलाउने चाहिँ बिचौलियाहरू, महँगो शुल्कमा । वातावरण संरक्षण नाम मात्रको, अन्धाधुन्ध प्रदूषण, यसको नियन्त्रणका लागि उठाइएको रकम बचत खातामा, अनि राति राति इन्धनको मूल्य असामान्य, बिजुलीको भाउ विदेशीलाई बेच्ने भन्दा बढी, धन्य सहिदको उदार लोकतन्त्र छ हामीकहाँ । ठूला परियोजनाहरूको प्रगति निराश, पुँजीगत खर्च नहुने, चालु खर्चले लोकतन्त्रका संवाहकहरूलाई ज्वाइँ जस्तै गरी पाल्नु पर्ने, धन्य सहिद तिम्रा आँसु महँगा गाडीका इन्धन बनेका छन्, आलिसान महलका सुरक्षा कवच बनेका छन्, तिमी गए पनि तिम्रो देन नजाओस्, बढी के भनौं र !

## इतिहासमा आज

२९ जनवरी १९७९ मा चिनियाँ उप-प्रधानमन्त्री डेङ सियाओपिङले वाशिंगटन, डीसीको भ्रमण गरेका थिए । जुन चिनियाँ कम्युनिष्ट पार्टीको उच्च पदस्थ अधिकारीको रूपमा पहिलो भ्रमण थियो ।



२९ जनवरी १९४३ मा रेनेल टापुको युद्धको पहिलो दिन जापानी बम वर्षकहरूले अमेरिकी ठूलो पानी जहाज 'शिकागो'लाई ध्वस्त पारेका थिए । जुन अमेरिकाको लागि तत्कालिन समयको सबैभन्दा ठूलो क्षति थियो ।



२९ जनवरी १९९६ मा फ्रान्सेली राष्ट्रपति ज्याक शिराकले घोषणा आफ्नो देशकै कहिल्यै आणविक हतियार परीक्षण नगर्ने घोषणा गरेका थिए ।



२९ जनवरी २००६ मा अमेरिकी हुलाक सेवाले सन् १९४० मा एकेडेमी अवार्ड स्वीकार गर्ने पहिलो अफ्रिकी-अमेरिकी अभिनेत्री बन्दाको तस्बिर राखेर ३९ सेन्टको टिकट जारी गरेको थियो । जसलाई कलाकारमाथिको उच्च सम्मानको रुपमा हेरिन्छ ।



# ट्रम्पको नीतिले बढाएको चिन्ता

विचार



● नारायण गाउँले

अमेरिका मूलतः आप्रवासीकै देश हो । उच्च सरकारी निकायदेखि विशाल अन्तर्राष्ट्रिय कम्पनीसम्म प्रवासीहरूकै वर्चस्व छ । अर्थतन्त्र नै तिनैले धानेका छन् । ट्रम्पसँगै र पछि पनि ती त्यहीँ रहन्छन् । संविधान छ, कानुन छ, अदालत छन् ।

झट्ट सुन्दा अमेरिका जाने जति फर्केर आउन लागेजस्तो, त्यहाँ बस्ने प्रवासीहरूमा भागाभाग सुरु भएजस्तो बुझिने रहेछ ! दिनदिनै दुई/चार वटा जहाजमा मान्छे डिपोर्ट गरेर अमेरिकाको इमिग्रेसन समस्या सकिने होइन । बिसको उन्नाइस पनि हुने होइन । त्यहाँ यति धेरै गैर कानुनी आप्रवासी छन् कि ठूलो साधन स्रोत र समय तिनलाई पहिचान गर्दै सकिन्छ । डोनाल्ड ट्रम्पको कार्यकाल यसैमा सकिन सक्छ । समुद्र र जमिनबाट भित्रिने गैर कानुनी त छँदै छन्, दिनहुँ कानुनी बाटोबाट भित्रिने लाखौँ विदेशीहरू पनि भिसा सकिएर गैर कानुनी आप्रवासीमा परिणत हुन्छन् । रेकर्डमा रहेका यस्ता आप्रवासी अत्यन्त न्यून हुन्छन् । कानुनी भए पो तिनको सही रेकर्ड हुन्छ ।

किन जहाजको फण्डा त भन्ने पनि लाग्ला ! तर, जहाजले मान्छे बोकेर होइन, सम्भावित घूसपेठलाई निरुत्साहन गरेर ठूलो भूमिका निभाउन सक्छन् । हतकडी लगाएर निर्दयीरूपले डिपोर्ट गरिँदै गरेका दुई/तीन सयको कारुणिक तस्बिरले छिर्नका लागि उचालिएका अरू दुई/तीन लाख पाइतालाहरूलाई रोक्न सक्छ । कति त यस्तो माहौल र तस्बिरले आत्तिएर स्वेच्छाले घर फर्किन्छन् । अपमानपूर्वक आफ्ना नागरिक फिर्ता हुँदा र अन्तर्राष्ट्रिय न्युज बन्दा स्वाभिमानमा धक्का पुग्छ र धेरै देशले आफ्नो भूमिमा मानव तस्करहरूलाई नियन्त्रण गर्छन् । एउटा मोमेन्टम तयार हुन्छ, जसले परिणाम ल्याउन सक्छ । यही मोमेन्टमले गर्दा कतिले दलाललाई पहिलो किस्ता माया मारेर पनि दोस्रो किस्ता नबुझाएको हुनसक्छ ।

ठूला शेयर मार्केट पनि यस्तै मोमेन्टमबाट प्रभावित हुन्छन् । कुनै देश दुई/तीन वर्षमैं बन्ने या बिग्रने हुँदैन । तर, मिडियामा थानकोट र सिद्ध बाबाको सुरुङ, फास्ट ट्र्याकका अग्ला-अग्ला पुल र सुरुङ, दमकको भ्यु टावर या पोखराको चिल्लो बाटो मात्रै देखाउने हो भने देश बन्दै छ जस्तो देखिन सक्छ । कर्णालीका पीडा, केही भ्रष्टाचारी र बलात्कारी अनि सडकको धुलोधुआँ र एयरपोर्टको लाइन मात्रै देखाउने हो भने लौ देश त हरितन्नम नै भएछ जस्तो देखिन सक्छ । बन्दै छ भन्दा भन्दै बन्ने र बिग्रियो भन्दा भन्दै बिग्रिने पनि हुनसक्छ । जीवन पनि त्यस्तै मोमेन्टम हो ।

अमेरिका मूलतः आप्रवासीकै देश हो । उच्च सरकारी निकायदेखि विशाल अन्तर्राष्ट्रिय कम्पनीसम्म प्रवासीहरूकै वर्चस्व छ । अर्थतन्त्र नै तिनैले धानेका छन् । ट्रम्पसँगै र पछि पनि ती त्यहीँ रहन्छन् । संविधान छ, कानुन छ, अदालत छन् । भारत होस् कि चीन, रसिया होस् कि प्यालेस्टाइन, विश्वभरका नागरिक छन् त्यहाँ । र दिनदिनै थपिँदै छन् । लाखौं नेपाली पनि छन् र राम्रै छन् ।

मान्छे नै नआऊन् भन्ने होइन । कागजी प्रक्रिया पूरा गरेर आउँदा योग्य मान्छे आउने सम्भावना हुन्छ । छानिएर आउँछन् । प्रहरी रिपोर्टदेखि क्रिमिनल ब्याक ग्राउण्ड चेक भएर आउँछन् । हजारौं विद्यार्थी, अनुसन्धाता र वैज्ञानिक त उल्टो पैसा तिरेर ल्याएकै हुन्छ । हजारौं लगानीकर्ता सधैँ बस्ने गरी आएकै हुन्छन् । तिनबाट भिसा शुल्कदेखि मानव संशाधन र आयकरसम्म अर्थतन्त्रमा योगदान हुन्छ । मुख्य कुरा तिनको अभिलेख हुन्छ । तर, गैर कानुनी रूपले आउनेहरूको अभिलेख नहुने, तिनले कर र इन्स्युरेन्स नतिर्ने अनि ड्रग्सदेखि अन्य आतंककारी या गैर कानुनी धन्दामा संलग्न हुने डर हुन्छ । तिनलाई कुनै पनि देशले पक्कै फिर्ता गर्न चाहन्छ ।

यस्तो निर्णयले पक्कै अमेरिकालाई फाइदा नै हुनेछ । तर, दलालको चक्करमा परेर, ठूलो सपना बोकेर अनि जायजेथा बेचेर त्यहाँ पुगेका साझा नेपालीलाई आत्मसम्मान समेत ध्वस्त हुने गरी फर्काइँदा हाम्रो मन दुख्नु पनि स्वाभाविक नै होला । दुःख त हाम्रो भाग्यमा छँदै छ । दिने नेता र देश मात्रै कुन भन्ने हो !

## सामाजिक सञ्जाल



कृष्ण शर्मा

बामदेव अब चिसै पानीले नुहाउने भएछन् । एमालेले बोलाउँथ्यो होला तर, बुढाले एमालेमा छिरेपछि माधव नेपाल र माओवादी सबैलाई एक गराउने भनेर अन्तर्वार्ता दिँदै हिँडे । जसको परिणाम एमालेले घाम तपाइ दिएछ । एमाले मात्र होइन माधव जी र प्रचण्ड जी दुवैले टाटा बाइबाइ गर्दिए ।



गोकुल बाँस्कोटा

जे बाचा जनता सामु गरे चुनावकै क्रममा गरे, जे सोच विचार र अध्ययन विश्लेषण गरे लाभहानी, सम्भावना, चुनौती, सरल, जटिल त्यै बेला गरे । तर सत्ता सम्हालेपछि आदि इत्यादि, यदि, तर, केही छैन काम फटाफट । अरूका ङ्यारङुर चिया कपको तुफान । अब अरूको आस र त्रास र भरमा हैन आफ्नै बलमा खडा होऊ भन्दे छन् ठुल्दाले ।



डम्बर खतिवडा

बहुपक्षीय-द्विपक्षीय अनुदान लगानी गर्दा वामपन्थको 'अमेरिकाले चीन घेर्दै छ' भन्ने रोइलो हुन्थ्यो । ट्रम्पले यस्ता सबै सहायता र अनुदान रोकेपछि 'अब चीन मुक्त भयो' भनेर मस्त निन्द्रामा होलान् । अब वित्तीय असन्तुलन, आर्थिक शिथिलता र अगलावको क्षति पूरण गर्ने तिनको निन्दित सपना के हो ?



ओमप्रकाश अर्याल

हिंसा, भ्रष्टाचार र ठगी (आर्थिक अपराध)को जगमा उभिएका राजनीति-जिबीलाई पाखा लगाउनुको विकल्प छैन । राजनीतिको इज्जत लुट्ने खल पात्रहरूको पतन अवश्यम्भावी छ । अन्ततः कानूनी संस्कृतिको जगेर्ना नगरी देश उँभो लाग्दैन । कर्तव्य बोध सहितको नागरिकपन जागृत हुनेछ । अब दुष्चक्र तोडिनेछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# नेपाली शिक्षाविद्को अन्तर्राष्ट्रिय चमक

**उत्तम कार्की/मध्यान्ह**
काठमाडौं, १६ माघ

औपचारिक रूपमा उनलाई सम्बोधन गरिने पद हो 'हेड सर'। अहिलेसम्म उनले जहाँ जे-जति भूमिका निर्वाह गरेका छन् ती आफैंमा साँच्चिकै 'हेड', चर्चित अनि ऐतिहासिक छन् ।

यद्यपि उनको परिचय यतिमै सीमित छैन्, बहुआयामिक र फराकिलो छ। कतिले विद्यालयको प्रधानाध्यापक, कतिले अध्यक्ष, कतिले सल्लाहकार, कतिले प्याब्सनको सचिव त कतिपयले समाजसेवीका रुपमा चिन्छन् । तर, पछिल्ला दिनमा नजिकबाटै नियाल्नेहरूले भने उनलाई शिक्षा क्षेत्रमा राष्ट्रिय/अन्तर्राष्ट्रिय छवी बनाएका, शैक्षिक आकर्षणको केन्द्रको श्रेणीमा राख्छन् ।

हुन पनि उनको अहिलेसम्म बनेको 'शान' नै शिक्षा क्षेत्रबाटै हो । चाहे त्यो स्कुले उमेरमा समकक्षीहरूलाई ट्युशन पढाएर होस्, चाहे अमेरिकाको ख्यातिप्राप्त विश्वविद्यालयबाट उच्च सम्मानको उपाधि प्राप्त गरेर नै किन नहोस् । यो प्रसंग हो नेपालका लोकप्रिय शिक्षाविद् यादव गिरीको।

भनिन्छ दुःखले मानिसलाई स्पत बनाउँछ । यादवको हकमा यही मेल खान्छ । सहरमा शिक्षा-स्वास्थ्यको राम्रो सुविधा हुन्छ भन्ने विश्वासमा त्यतातिरै पस्ने उनका अभिभावकहरूको प्रयास सफल हुन सकेन ।

दाङको साबिक हापुर गाउँ पञ्चायत-९ (हाल घोराही नगरपालिका-१२) रतनपुरमा बुबा दुर्गा गिरी र आमा सीताका १ छोरा तथा २ छोरीमध्ये पहिलो सन्तानको रुपमा यादवको जन्म भएको हो। उनको प्रारम्भिक शिक्षा घरनजिकैको तत्कालीन श्री हापुर माध्यमिक विद्यालय, बनफाँडेमा भयो ।

कक्षा ३ मा पुग्दा उनको त्यहाँको पढाइमा पूर्णविराम लाग्यो । 'सपरिवार गाउँबाट सहर घोराही बसाइँ जाने भनेर बुबाले घरजग्गा बेचेर नयाँ ठाउँका लागि सम्पूर्ण पैसा बुझाउनु भएछ । अन्ततः साहुले न जग्गा दियो न पैसा फिर्ता नै, यादव विगत स्मरण गर्छन्, 'त्यसपछि त हाम्रो बिल्लीबाठ नै भयो । अनि बुबा फुपूदिदी कमलाको घरमा, आमा, म र



बैनीहरू मामाघरमा गएर बस्न थाल्यौं ।'

अब भने यादवको जीवनमा अर्को कालखण्ड सुरू भयो । रोचक त के भने अध्ययनमा अब्बल यादवले आफू १० कक्षामा पढ्दै गर्दा समकक्षीलाई नै ट्युशन पढाउन थाले । यस्तैमा २०५१ मा दीपेन्द्र माविबाटै एसएलसी पास गरे। त्यसपछि उच्च शिक्षाका लागि घोराहीको महेन्द्र बहुमुखी क्याम्पस भर्ना भए। त्यससँगै ट्युशन पढाउने कार्यलाई पनि निरन्तरता दिइरहे ।

योक्रम २०५३ सम्म चल्यो । २०५४ बाट भने घोराहीकै लिटिल एन्जेल स्कुलमा अंग्रेजी विषय पढाउन थाले, जहाँ हाल उनी प्रधानाध्यापक छन् । केही समयको अन्तरालमा आफ्नो अध्ययन पनि स्नातकोत्तर पूरा गरे । उसो त २०६५ सालबाट भने यादवको जिन्दगीले अर्को अध्याय भेट्यो, उनी सफलताको सिढी चढ्न थाले । नयाँ चुनौतीलाई सहजै सामना गर्ने हिम्मत भएका उनलाई फरक/फरक विभिन्न संस्थाको गहन जिम्मेवारी प्राप्त हुँदै गए । र, सफल पनि भइ नै रहे, जुन अझै जारी छ । यादव हाल लिटिल एञ्जल स्कुल, घोराहीमा प्रधानाध्यापक भएर कार्य गरिरहेका छन् ।

घोराहीमा नै रहेको शान्ति निकेतन विद्यालयमा अध्यक्षको भूमिकामा छन् भने घोराहीकै सभ्यता पाठशालामा सल्लाहकार। यस्तै, डीएमआइटी नेपालको निर्देशक, अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाको सल्लाहकार, दाङ प्याब्सनमा वरिष्ठ सल्लाहकार छन् । उता निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन) को केन्द्रीय सचिव हुन् ।

यादवले विद्यालयमा अध्यापन थालेदेखि नै देशविदेशका प्रतिष्पर्धात्मक विभिन्न सभा सम्मेलनमा भाग लिइ सर्वोत्कृष्ट स्थान अनि पदवी हासिल गर्दै मुलुककै नाम उच्च राखेका छन् ।

अमेरिकाको यूयोर्कमा सन् २०२३ जुलाई १६-१७ मा सम्पन्न एक सय २३ राष्ट्र सहभागी अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलनमा प्रस्तुत हुँदा सर्वोत्कृष्ट भएका उनलाई १७ अक्टोबर २०२४ मा अमेरिकाकै 'मेरिल्याण्ड स्टेट युनिर्भसिटी'बाट 'डक्टर अफ फिलोसोफी इन एजुकेशन' मा 'अनर्स विद्यावारिधि'बाट सम्मानित गरिएको छ । 'सुरुदेखिकै परिवेश र परिस्थितिले विदेशीहरूसँगको सम्पर्कमा रहन उत्प्रेरणा थप्यो । मलाई बाहिरी सम्पर्कको खोजीमा चनाखो बनायो । पहिलोपटक म मेरो पेपर प्रस्तुतिका लाीग बंगलादेश पुगेको थिएँ । त्यसपछि श्रीलंका, स्विटजरल्याण्ड, जर्मनी, अमेरिकालगायत २० वटाभन्दा बढी देशहरूमा पेपर प्रस्तुती तथा किनोट स्पिकर भएर पुग्ने अवसर पाएको छु' यादव गर्व गर्छन्, 'यो भूमिकाले मेरो अन्तर्राष्ट्रिय छवी निर्माणमात्रै होइन, अध्ययन-अनुसन्धानको दायरा अझ फराकिलो बनायो ।'

त्यसो त यादवले आफू विभिन्न निकायमा रहेर समग्र नेपाली शैक्षिक जगत्को सवर्द्धन, प्रवर्द्धन, विकास र हितमा अतुलनिय योगदान पुऱ्याएका छन् । यो अवधिमा उनले हजारौं दक्ष-गुणस्तरिय विद्यार्थी उत्पादन गरेका छन् ।

ती विद्यार्थी कोही स्वदेश त कोही विदेशको महत्वपूर्ण निकायमा रही जिम्मेवार पूर्वक आफ्नो कर्तव्य पालना गरिरहेका छन् । यतिमात्रै होइन, उनी प्याब्सनमा पुगेपछि विद्यालयस्तरको पाठ्यक्रममा पनि आमूल परिमार्जन गराएका छन् भने धेरै नयाँ-नयाँ नीति-नियमसमेत ल्याएका, लागू गराएका छन् । यस अर्थमा त यादवको पनि उच्च मूल्यांकन गरी दर्जनौ राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्मान, पुरस्कार तथा अवार्ड प्रदान गरिएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)ले प्रदान गरेको 'प्रेसिडेन्सियल अवार्ड-२०७५', दाङ जिल्ला प्याब्सनले प्रदान गरेको 'एक्सिलेन्सी अवार्ड-२०७८', 'नेशनल ओप्सना एजुकेशन अवार्ड-२०२२' दुवईमा भएको 'इन्टरनेशनल इन्नोभेटिभ फ्युचर समिट एण्ड अवार्ड' समारोहमा दिइएको 'एक्सिलेन्सी एजुकेशन-२०२३', 'इज्रेड एक्सिलेन्ट पेपर अवार्ड-२०२३', दुवईमा सम्पन्न '२०औं वर्ल्ड स्कुल समिट'मा 'एक्सिलेन्स ईन एजुकेशनल लिडरसिप अवार्ड', 'इन्टरनेशनल इमिनेन्सी एक्सिलेन्सी अवार्ड- २०२३' (दुवई), 'नागरिक क्रियशन ब्रिलियन्ट स्कुलर अवार्ड-२०२४', '४औं स्पाइनी ब्याब्लर इन्टरनेशनल फिल्म फेस्टिभल-२०२४' (निर्णायक), २०८१ पौष ७ गते आयोजित जिल्ला अधिवेशनमा १५ वर्षभन्दा बढी प्रधानाध्यापकमा निरन्तरता रहेकोमा दाङ प्याव्सनको सम्मान, २०८१ पुस २४ मा सम्पन्न 'गुणस्तरिय विद्यालयका संवाहकः संस्थागत विद्यालयको संरक्षण र प्रवर्द्धनमा सरोकारवालाहरूको भूमिका' विषयक 'प्यानल डिस्कसन'मा सहजकर्ताको भूमिका, २०८१ पुस २४ मा आयोजित '३४औं प्याब्सन डे'को अवसरमा आयोजित वतृत्वकला प्रतियोगितामा निर्णायक, 'एपेक्स कम्प्युटर्स तथा प्याब्सन'को आयोजनामा सम्पन्न 'मेधावी छात्रा प्रतियोगिता-२०८१' मा निर्णायकलगायतका-राष्ट्रिय अन्तर ाष्ट्रिय पहिचानहरू उनको जीवनका अन्य महत्वपूर्ण उपलब्धिहरू हुन् ।

# पाणिनी गाउँपालिकाद्वारा ६ महिनामा ३३.६ प्रतिशत बजेट खर्च



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ माघ

अर्घाखाँचीको पाणिनी गाउँपालिकाले चालू आर्थिक वर्षको ६ महिनामा ३३.६ प्रतिशत बजेट खर्च गरेको छ । पाणिनी गाउँपालिकाले दोस्रो गाउँसभाको छैटौं अधिवेशनमा अर्धवार्षिक समीक्षा गर्दै सो जानकारी दिएको हो ।

पालिकाका अनुसार आर्थिक वर्ष २०८१/०८२ को कुल बजेट ६६ करोड २३ लाख ९४ हजार रहेकोमा पुस मसान्तसम्ममा २२ करोड ३२ लाख ४९ हजार ५ सय ९९ रुपैयाँ खर्च भएको छ। हालसम्म पुँजीगततर्फ ३२.११ प्रतिशत र चालूतर्फ ३४.१८ प्रतिशत खर्च भएको छ भने आम्दानीतर्फ ६०.५८प्रतिशत प्रगति भएको गाउँपालिकाको तथ्यांक रहेको छ ।

चालू आर्थिक वर्षमा आर्थिक विकासतर्फ ३ करोड २४ लाख ४० हजार विनियोजन भएकोमा पुस मसान्तसम्ममा १७ लाख ३ हजार १८४ रुपैयाँ खर्च भएको छ । सामाजिक विकासतर्फ ४१ करोड २४ लाख ६२ हजार विनियोजन भएकोमा १८ करोड ७२ लाख १२ हजार ७८८ रुपैयाँ खर्च भएको छ । त्यस्तै पूर्वाधार विकासतर्फ ८ करोड ७७ लाख ३० हजार विनियोजन भएकामा ९४ लाख ९९ हजार ५ सय ४९ खर्च भएको छ भने सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ २ करोड १२ लाख ६६ हजार विनियोजन भएकामा १६ लाख ३२ हजार ३ सय ४४ रुपैयाँ खर्च भएको छ । कार्यालय संचालन तथा प्रशासनिकतर्फ १० करोड ८४ लाख ९६ हजार विनियोजन भएकोमा हालसम्म ३ करोड ३२ लाख १ हजार ७ सय ३३ रुपैयाँ खर्च गरेको पालिकाको भनाइ छ ।

गाउँपालिकाको चालू आर्थिक वर्ष २०८१/०८२ को पुस मसान्तसम्मको जम्मा आम्दानी आन्तरिक आयतर्फ ३४ लाख र विभाज्यतर्फ १८ लाख संकलन भएको छ। जुन प्रक्षेपित आम्दानी अनुसार ३९.५८ प्रतिशत हो ।

गाउँपालिकाको अर्धवार्षिक प्रगति सन्तोषजनक रहेको भन्दै बाँकी योजनाहरू समयमै सम्पन्न गर्नका निम्ति सबैको सकारात्मक सहयोग अपरिहार्य रहेको गाउँपालिका अध्यक्ष टेकराज न्यौपानेले बताए। उनले पालिकाको समृद्धि र दिगो विकासका लागि जनप्रतिनिधि, कर्मचारी, स्थानीय, नागरिक समाज तथा सम्बन्धित निकायहरूसँग समन्वय आवश्यक रहेको स्पष्ट पारे । सन्तोषजनक उपलब्धि हासिल गर्न सके पनि अझै थप चुनौतीहरू रहेको बताउँदै उनले भने, 'समयमै योजना सम्पन्न गर्न समुदायको सहभागिता, पारदर्शिता र इमानदारिता जरुरी छ । जनप्रतिनिधिले जनताको अपेक्षा पूरा गर्नेतर्फ सचेत हुनुपर्छ ।'

अध्यक्ष न्यौपानेले आगामी दिनमा विकास निर्माणलाई प्रभावकारी बनाउन निगरानी तथा अनुगमनलाई अझ सशक्त बनाइने प्रतिबद्धता व्यक्त गरे । साथै, उनले स्थानीय तहले विकास योजनाहरूको कार्यान्वयनमा कुनै पनि लापरवाही सह्य नहुने बताए ।

**६ महिनामा ९८ योजना सम्झौता**

गाउँपालिका उपाध्यक्ष नर्मदा गौतम पोडेलले प्रस्तुत गरेको अर्धवार्षिक प्रगति प्रतिवेदन अनुसार गाउँपालिकामा चालू आर्थिक वर्षको ६ महिनामा ९८ योजना सम्झौता भएका छन् ।

उपभोक्ता समितिमार्फत ६५ वटा, ठेक्कामार्फत १४ वटा, अन्य संस्थागत, व्यक्तिगतमार्फत १९ वटा योजनाहरु कार्यान्वयन भएका छन् । जसमध्ये २० वटा योजनाहरु सम्पन्न भएर भुक्तानी समेत भइसकेको पालिका उपाध्यक्ष पौडेलले जानकारी दिइन् । पौडेलका अनुसार उपभोक्ता समितिमार्फत १४ वटा, ठेक्कामार्फत २ वटा र अन्य संस्थागत, व्यक्तिगतमार्फत ४ वटा योजना सम्पन्न भइसकेका छन् भने अन्य प्रक्रियामा छन् ।

गाउँपालिकाले योजनाहरूको कार्यान्वयन प्रभावकारी बनाउन अनुगमन समितिहरू गठन गरी स्थलगत निरीक्षणलाई तीव्रता दिएको जनाएको छ ।

गाउँपालिकाले चालू आर्थिक वर्षमा उपलब्ध स्रोतसाधनलाई प्राथमिकताका आधारमा उपयोग गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेको दाबी छ ।

# अरुणिमाको स्थापना दिवसः विशिष्ट व्यक्तिको अभिनन्दन



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, कुमारीगालस्थित अरुणिमा शैक्षिक प्रतिष्ठानले आफ्नो ४० औं स्थापना दिवसको अवसरमा विशिष्ट व्यक्तित्व अभिनन्दन कार्यक्रम सम्पन्न गरेको छ । शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै सुरु भएको कार्यक्रममा उपस्थित व्यक्तित्वहरूलाई अरुणिमा मा.वि. बौद्धका प्रिन्सिपल बुद्धिप्रसाद रेग्मीले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका कार्यकारी प्रिन्सिपल ईश्वरीप्रसाद लामिछानेले प्रतिष्ठानका समग्र गतिविधिहरू उल्लेख गर्दै संस्थाको प्रगतिमा गुठियार, सल्लाहकार, शिक्षक कर्मचारी, अभिभावक लयायत शुभेच्छुकहरूको महत्त्वपूर्ण योगदान रहेको कुरामा जोड दिए ।

कार्यक्रममा वरिष्ठ जनगायक रामकृष्ण दुवाल र समाजसेवी जितेन्द्र श्रेष्ठलाई विशिष्ट व्यक्तित्व सम्मान एवम् शिक्षकहरू रामकृष्ण पुडासैनी र पूजा घिमिरेलाई २० वर्षे दीर्घसेवा सम्मानद्वारा अभिनन्दन गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि गोकर्णेश्वर नगरपालिकाका प्रमुख दिपक कुमार रिसालले बालबालिकाहरूलाई प्रदान गरिने शिक्षा व्यवहार उपयोगी हुनुपर्ने कुरामा जोड दिँदै प्रतिष्ठानबाट भइरहेका यस किसिमका शैक्षिक गतिविधिहरूको खुलेर प्रशंसा गरे ।

कार्यक्रम प्रतिष्ठानका गुठियार शम्भुप्रसाद बडालको अध्यक्षतामा सम्पन्न भएको थियो । गुणस्तरीय शिक्षाका लागि अरुणिमा शैक्षिक प्रतिष्ठानले लामो समय अघिदेखि ख्याति कमाउँदै आएको छ ।

# शिक्षक साहद्वारा व्यवस्थापन समितिका अध्यक्षलाई कुटपिट गरेका आरोप



**रौतहट/मस-** रौतहटको यमुनामाई गाउँपालिकामा एक विद्यालयका शिक्षकले विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई कुटपिट गरेको आरोप लागेको छ।

गाउँपालिका-५, झुनखुनवामा रहेको श्री यमुनामाई माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष राम विश्वास राय यादवमाथि शिक्षक मदन साह र उनका छोरा विवेक साहले कुटपिट गरेको आरोप लागेको हो। अध्यक्ष यादवले विद्यालयमा भएको हिनामिना, आर्थिक अनियमितता सम्बन्धमा सोधपुछ गरेको विषयलाई लिएर बुधबार गाउँकै चोकतिर जाने क्रममा बन्दी बनाइ साहका बाबु छोराले कुटपिट गरेको बताए। उनले कुटपिटमा संलग्नलाई कारबाहीको माग गरेका छन् ।

# बेहोस अवस्थामा फेला परेका पुरुषको मृत्यु

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १६ माघ

सर्लाहीको बरहथवामा बेहोस अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । बुधबार नगरपालिकाको वडा नं.८, टाँडी टोलस्थित दलित सामुदायिक प्राथमिक विद्यालयको बरन्डामा बेहोस् फेला परेका एक बेवारिसे पुरुषको उपचारको क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ ।

प्रहरीका अनुसार बरहथवा बजार क्षेत्रमा मागेर हिँड्ने, मानसिक सन्तुलन ठिक नभएका ६५ वर्षीय पुरुषलाई बेहोस अवस्थामा भेटिएपछि उपचारको लागि बरहथवा स्वास्थ्य केन्द्रमा पठाइएको थियो ।

हालसम्म मृतकको पहिचान हुन नसकेकाले मृतकको अभिभावक वा आफन्तलाई आवश्यक कागजातसहित सम्पर्क गर्न ईलाका प्रहरी कार्यालय बरहथवाले अनुरोधसमेत गरेको छ । मृतक पुरुषको शव प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ।

# डा.ओम फाउण्डेसनले २० लाखको छात्रवृत्ति प्रदान गर्ने

**काठमाडौं/मस-** डा.ओम फाउण्डेसनले सरकारी विद्यालयमा अध्ययनरत कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने भएको छ ।

मुटुरोग विशेषज्ञ डा.ओम मूर्ति अनिलद्वारा स्थापित उक्त फाउन्डेसनले न्यून आय भएका तथा जेहेन्दार विद्यार्थीको शैक्षिक विकासका निम्ति छात्रवृत्ति प्रदान गर्न लागेको हो ।

बुधबार पत्रकार सम्मेलन गरी फाउण्डेसनका संस्थापक डा.ओम मूर्तिले देशव्यापी छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको घोषणा गरे । फाउण्डेसनले यस वर्ष छात्रवृत्ति कार्यक्रमका लागि २० लाख रुपैयाँ रकम छुट्टाएको छ । डा.ओम मूर्ति अनिलद्वारा लिखित पुस्तक 'जीवन्त सम्बन्ध'को बिक्रीबाट प्राप्त रकमले उक्त छात्रवृत्ति प्रदान गर्न लागिएको हो ।

देशभरीका विद्यार्थीहरूले माघ १६ गतेदेखि फागुन ४ गतेभित्र छात्रवृत्तिका लागि सरकारी विद्यालयमा अध्ययरत, कक्षा ६ देखि कक्षा ९ सम्मका,



न्यून आय भएका र जेहेन्दार विद्यार्थीले आवेदन दिन सक्नेछन् । आवेदनसहित विद्यार्थीको अघिल्लो कक्षा र चालू शैक्षिक सत्रका ग्रेडसिट, परिचयपत्र, विद्यार्थीको शैक्षिकस्तर र अभिभावकको आर्थिक अवस्थासम्बन्धी सिफारिसलगायतका कागजपत्र समावेश गर्नुपर्ने छ ।

पहिलो चरणमा छात्रवृत्ति कार्यक्रमका लागि फाउण्डेसन आफैंले रकम व्यवस्थापन गरिसकेको छ। अर्को चरणमा अन्य कुनै व्यक्ति वा संस्थाले फाउण्डेसनमार्फत् थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने इच्छा व्यक्त गरेमा त्यसका निम्ति सहजीकरण गरिदिने फाउण्डेसनले जनाइएको छ ।

# नौमती बाजाले आर्थिक रूपमा सबल हुँदै महिला



**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क, १६ माघ

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्बर ६ नरपानी भूतडाँडाका स्थानीय महिलाले नौमती बाजा घन्काउन थालेपछि गाउँमा रमाइलो मात्रै होइन् आर्थिक रुपमा समेत मजबुत बन्दै गएका छन् ।

सन्धिखर्क नगरपालिका वडा नम्बर ६ ले बाजा बजाउने तालिम दिएपछि महिलाहरूले बाजा बजाउन सुरु गरी आर्थिक रुपमा आम्दानी गर्न थालेका हुन् ।

तालिम पाएपछि आजकल गाउँघरमा हुने विवाह र विभिन्न कार्यक्रममा महिलाले नौमती बाजा लिएर पुग्ने गर्छन्, निकै रमाइलो गर्छन् । महिलाले गाउँमा नौमती बाजा घन्काउन थालेपछि गाउँलेहरू खुसीका साथै दंग परेका छन् ।

महिलाले बजाएको नौमती बाजामा रमाइलो मानेर पुरुषहरू नाच्ने गर्छन्, महिलाहरु बाजा बजाउँछन् । हालै मात्रै सन्धिखर्क नगरपालिकाले कृषि बजारीकरणका लागि सम्झौता गर्ने क्रममा सन्धिखर्क नगरपालिकामा आएका वरिष्ठ व्यवसायीलाई महिलाले नौमती बाजाले सन्धिखर्क नगरपालिकाको सभाहलमा भव्य स्वागत गरेका थिए ।

कार्यक्रममा बजेको नौमती बाजाले नगरपालिकाका कर्मचारीको मात्रै होइन् सेवाग्राहीको समेत ध्यान खिच्यो र पाहुनाहरूसँग र जनप्रतिनिधिहरु बाजामा छमछमी नाचे ।

'२१ दिनसम्म नौमती बाजा बजाउने तालिम दिएका थियौं' सन्धिखर्क नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष श्रीधर महत्राले भने'तालिम पाएपछि महिला नौमती बाजा बजाउन पोख्त भएका छन् । गाउँघरमा आयोजना हुने कार्यक्रममा उनीहरुले तालिम लिँदालिँदै बाजाका लागि माग आउन सुरु गरेको हो ।'

सन्धिखर्क नगरपालिका वडा नम्बर ६ मा अब केही समयभित्र होमस्टे संचालन गर्ने तयारी छ ।

नौमती बाजाका सामानहरू खरिद गरेर वडाले तालिम दिएको वडाध्यक्ष महत्राले दाबी गरे । महिलाले एउटै पहिरन रातो साडि, हरियो चोलो र तिलहरी लगाएर नौमती बाजाको नियम बनाइएको छ ।

महिलाले हातमा नर्सिङ्गा, सहनाइ, दमाह, ढोलकी, ट्याम्को, कर्लान र झ्याली लिएर नौमती बाजा बजाउँदै अघि बढ्दा सन्धिखर्क नगरपालिकामा आएका पाहुनाहरू अचम्ममा परेको सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

'नौमती बाजा हामी सबैको संस्कृति हो,'नगरप्रमुख श्रेष्ठले भने,'गाउँघरमा नौमती बाजाको लोप हुन थालेपछि हामी वडा कार्यालयमार्फत महिलालाई सीप सिकाउन थालेका थालेका हौं । यो कुनै जातिविशेष र पुरुषले मात्र बाजा बजाउनुपर्छ भन्ने पुरानो मान्यतालाई महिलाले तोड्न थालेका छन् ।' यो कार्यले महिलाहरूको आर्थिक आयआर्जन समेत वृद्धि हुने नगरपालिकाले अपेक्षा गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताए ।

नौमती बाजा संरक्षणका लागि वडा कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा १ लाख रुपैयाँ विनियोजन गरेको थियो । सोही बजेटबाट नौमती बाजा बजाउन तालिम दिइएको वडा अध्यक्ष महत्राले बताए ।

नौमती बाजा बजाउन १५ जना महिलाको समूह छ । तालिम लिएका महिला सबैले बाजा बजाउन जानेको वडाध्यक्ष महत्राले बताए ।

गाउँघरमा आयोजना हुने कार्यक्रममा नौमती बाजा बजाउने मानिसको अभाव थियो । महिलाहरुले नौमती बाजा बजाउन थालेपछि गाउँलेहरु खुसी भएको स्थानीय पत्रकार प्रकाश महत्राले बताए । वडाबाट यस्तो महत्वपूर्ण अवसर पाउँदा हौसला मिलेको सहनाइ बजाउने ईश्वरी परियारले बताइन् ।

उनले भनिन्,'सुरुमा कठिन भएपनि अहिले बजाउन थालेकी छु, अब हाम्रो आयआर्जन पनि वृद्धि हुनेछ' 'ढोलकी बजाउने बालकुमारी परियारले भनिन्,'बजाउँदा सुरुमा अप्ठ्यारो भयो, अहिले त बानी परिसक्यो । सिक्दै गरेकी छु, केही महिना बजाए भने मलाई विश्वास छ राम्रोसँग बजाउन सक्ने हुन्छु ।' गाउँमा अहिले नौमती बाजा लोपहुन लागेको बेला वडा कार्यालयले उत्कृष्ट काम गर्दै कला संस्कृतिको संरक्षण गरेकोमा स्थानीयबासी खुसी छन् ।

# ‘फेरि रेशम फिलिलि’को दोस्रो पोस्टर रिलिज

**काठमाडौं/मस–** गीत रिलिजको पूर्वसन्ध्यामा ‘फेरि रेशम फिलिलि’ले दोस्रो पोस्टर रिलिज गरेको छ । सिनेमाको पहिलो गीत ‘फेरि जालमा’ बिहीबार रिलिज गर्दैछ । सो गीतको अडियोभिडियोको सानो झलक निर्माणपक्षले रिलिज गरिसकेको छ ।

सार्वजनिक पोस्टरमा सिनेमाका तीन प्रमुख कलाकार विनय श्रेष्ठ, कामेश्वर चौरसिया तथा सुपुष्पा भट्टलाई प्रस्तुत गरिएको छ। पोस्टरमा विनयलाई भुइँमा पछारिएको अवस्थामा हातमा पासपोर्ट देखाइरहेको देख्न सकिन्छ भने उनीमाथि अभिनेत्री सुपुष्पाले आक्रोशपूर्ण शैलीमा बन्दुक ताकिरहेको र कामेश्वरले दुई हात जोडेर माफी मागिरहेको देख्न सकिन्छ । पोस्टरको नेपथ्यमा नेपालको धरहरा र अमेरिकाको ‘स्ट्याचु अफ लिबर्टी’ देखाइएको छ ।




पोस्टरमा विनयमाथि सुपुष्पाले तेर्स्याएको बन्दुकको रहस्यमा नै सिनेमाको कथा बुनिएको बुझ्न सकिन्छ । योसँगै पोस्टर हेर्दा धेरै नेपालीको स्वप्न मुलुक अमेरिकाप्रतिको आशक्ति, आकर्षणलाई पारिवारिक तथा सामाजिक चक्षुबाट सिनेमाले नियाल्न खोजेको समेत बुझ्नसकिन्छ । दोस्रो पोस्टरमा सिनेमाका सवै कलाकारलाई क्यारेक्टर लुक्समा देखाइएको छ । सिनेमाको कथा आफ्नो पूर्व सिक्वेलझैं मनोरञ्जनको पूर्ण प्याकेज हुने अनुमान गर्न सकिन्छ ।

यो सिनेमालाई निरज महर्जनले निर्देशन गरेका हुन् । सिनेमाको कथा पनि उनले नै लेखेका हुन् । सिनेमामा विनय, सुपुष्प, कामेश्वर, नीर शाह, प्रकाश घिमिरे, शिशिर वाङ्देल, रविन्द्र झा, लक्ष्मी गिरी, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको पनि अभिनय छ। यो सिनेमामा ‘रेशम फिलिली’का निर्देशक प्रनव जोशी र अभिनेत्री मेनुका प्रधान बाहेकको अधिकांश टिम पुरानै रहेको छ ।

सुसन प्रजापतीको छायांकन, निर्देशक महर्जन र आकाश बरालको पटकथा, नरेश किङ्ग योगीको द्वन्द्व निर्देशन तथा कालीप्रसाद बाँस्कोटा, एसडी योगी, हर्क साउद, जयन जे वाइवा र दीपक शर्माको संगीत र सुरेन्द्र पौडेलको सम्पादन सिनेमामा रहेको छ ।यो सिनेमालाई गोविन्द शाहीको काफिया फिल्मस् र कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।

# सुशीला र शिशिरको राष्ट्रभावले ओतप्रोत ‘उठ नेपाली, जुट नेपाली’ रिलिज

**काठमाडौं/मस–** सञ्चारकर्मी, कवि तथा साहित्यकारको परिचयबाट स्थापित सुशीला ढकाल अधिकारीले रचना गरेको राष्ट्रभावले ओतप्रोत गीत भिडियोसहित रिलिज भएको छ । वरिष्ठ गायक तथा संगीतकार शिशिर योगीले स्वर दिएको उक्त गीत कवयित्री अधिकारीको आफ्नै युट्युब च्यानल ‘सिर्जनाको चौतारी’मार्फत बुधबार बिहान रिलिज भएको हो ।



अधिकारीले राष्ट्रको सम्मान स्वरूप कोरेका शब्दहरुमा गाइएको उक्त गीत ‘शहीद दिवस’ अर्थात माघ १६ गतेको अवसर पारेर भिडियोसहित रिलिज गरिएको हो ।

देशको वर्तमान अवस्थालाई झल्काउने राष्ट्रभावको जागरण गीत ‘उठ नेपाली, जुट नेपाली’ मा अगाडि भनिएको छ ‘पहाड हाम्रै हो, तराई हाम्रै हो, सबै मिलेमा, देशलाई राम्रै हो । उठ नेपाली, जुट जुट नेपाली -२, सम्बृद्ध नेपाल हेर्नु छ, न फूट नेपाली, उठ नेपाली लौ जुट नेपाली -२ ।’

युट्युब च्यानलमार्फत सार्वजनिक भएको केही घण्टामै उक्त भिडीयोसहितको राष्ट्रिय गीतले धेरैको मन जितिसकेको छ । मनोहर सुनामले संगीत संयोजन गरेको उक्त गीत दील समर्पणले रेकर्ड गरेका हुन् । प्रकाश मिश्रको मिक्सिङ रहेको सो गीतको दृष्यांकन भने वीरेन्द्र भाट विपिनले गरेका छन् । एकौस्टिक नेपालमा रेकर्डिङ भएको सो गीतको पोस्ट प्रोडक्सन वर्ल्ड कभर मिडिया प्रा.लि.ले गरेको हो ।

चर्चित गायक योगीले गीतका शब्दको भावले आफ्नो मन छोएकाले सो गीत आफूले गाएको प्रतिक्रिया दिए । उनले यो गीत आजको युगको आवश्यकता भएको र आजको नेपाल र नेपाली जनजनको नारा भएको भन्दै संगीत गर्दा र गाउँदा आफू निक्कै भावुक भएको बताए ।

आफूले नेपालीहरूलाई एकताको सन्देशसहित फुटेर होइन जुटेर अघि बढ्न र राष्ट्रियताप्रति गम्भिर बन्न आग्रह गर्ने उद्देश्यले उक्त गीत सिर्जना गरेको कवयित्री अधिकारीले जानकारी दिइन् । उनले भनिन्, ‘गीतमा देशको रक्षा गर्न र शान्ति छर्न नेपालीहरु फुट्न हुन्न भन्ने भाव समेटिएको छ । कृपया मेरो गीत रचनातर्फको पहिलो प्रयासलाई अध्याधिक मन पराइदिएर हौसला प्रदान गर्नुहुनेछ भन्ने आशा गरेकी छु ।’

# विराट म्युजिक एन्ड फिल्म अवार्ड सम्पन्न




**काठमाडौं/मस–** विराट म्युजिक एन्ड फिल्म अवार्ड सम्पन्न भएको छ । संगीतको २४ विधा र फिल्मको ७ विधा गरी जम्मा ३१ विधामा श्रष्टा, सर्जकहरुलाई अवार्ड तथा सम्मान प्रदान गरी ‘विराट म्युजिक एन्ड फिल्म अवार्ड’को तेस्रो संस्करण चलचित्र विकास बोर्ड चाबहिलमा सम्पन्न भएको संयोजक सुरज पौडेलले जानकारी दिएका छन् ।

‘तेस्रो विराट म्युजिक एण्ड फिल्म अवार्ड २०८१’ मा प्रतिष्ठित गीतकार प्रमोद ढुंगानालाई २५ हजार ५५५ रुपैयाँ नगदसहित दिर्घ साधना सम्मान प्रदान गरियो । पत्रकार सामिप्यराज तिमल्सेनालाई नगद ११ हजार १११ रुपैयाँ नगदसहित पत्रकारिता पुरस्कार प्रदान गरियो ।

सेलिब्रेटी नेपाल प्रतिष्ठानको आयोजनमा भएको कार्यक्रममा २०८० सालमा प्रदर्शनमा आएका फिल्म र गीत संगीत समावेश गरेर उत्कृष्टलाई अवार्ड प्रदान गरिएको हो । अवार्ड कार्यक्रममा प्रमुख अतिथि पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको उपस्थिति रहेको थियो ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डी.सी.को विशेष उपस्थितिमा आयोजित उक्त कार्यक्रममा नेपाली चलचित्र र गीतसंगीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# ‘कस्तो यो मेरो बाध्यता हो’




**काठमाडौं/मस–** गायक हरिदत्त फुलाराले ‘कस्तो यो मेरो बाध्यता हो’ बोलको मर्मश्पर्शी गीत सार्वजनिक गरेका छन् । घरपरिवारको अज्ज्वल भविष्यको खोजीमा विदेशिनु पर्दाको पीडाको कथालाई समेटेर एचडी फुलारा च्यानलमार्फत उक्त म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।

यस गीतमा शब्द डिल्लीराज फुलारा, संगीत भीम बी.सी. र हरिदत्त फुलारा, छायांकन केशव विश्वकर्मा, सम्पादन तथा निर्देशन नारायण मगरको रहेको छ भने भिडियोलाई डिल्लीराज फुलाराले निर्माण गरेका हुन् ।

गौरव पहारी, पवित्रा सन्की ‘मिस पवी’, देशभक्त खनाल, सृष्टी खड्की, हरिदत्त फुलारा, करण शाही, सुरेश शाहीलगायतको भिडियोमा अभिनय देख्न सकिन्छ ।

## भूल सुधार

मिति २०८१/१०/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षकको कम्पनीको नाम: **YASER STEEL ASFE FACTORY,** L.T. No.: 316561, **चलानी नं.:** ६०२३१३४८, र **पूर्व स्वीकृत मिति: २०८१/०९/२५** को विज्ञापन भुलवस प्रकाशित भएकोले यसै सूचनाद्वारा सबैमा जानकारी गराईछ ।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/१०/११ गते दिउँसो ४:३० बजेको समयमा गोर्कणेश्वर न.पा. वडा नं ८ अत्तरखेल फुलबारी आफन्तको घर अगाडी पार्किङ गरी रोखेको अवस्थामा रहेको बागमती प्रदेश ०२०-०५४ प ४८३६ नम्बरको निलो/कालो रङ्गको पल्सर २२० सिसिको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नंम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नाम: पेम्बा शेर्पा
च्यासिस नं: MD2A13EX9RCG83205
इन्जिन नं: DKXCRG43941
सम्पर्क नं: ९७६३४७९६७३

## सूचना ! सूचना !! सूचना !!!

यस वर्ल्डवाइड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि. (इ.प्र.प.नं.१६१७०७९।०८०) मा इजाजत जारी भएपश्चात हालसम्म कुनै पनि देशको मागपत्र (डिमाण्ड) छैन । यस कम्पनीको नाम र लोगो प्रयोग गरी कम्पनीको HR Executive हुँ भन्दै अवैध मानिसहरूले युरोपका विभिन्न देशमा रोजगारको मागपत्र रहेको र रोजगारमा पठाउने भनि भ्रामक सूचना फैलाएको जानकारी आएकाले यस कम्पनीमा कोही मानिस HR Executive नरहेकाले कसैले यस कम्पनीको सम्बन्धित मानिस हो भनि कुनै पनि कारोबार गरे/गराएमा यस कम्पनी जवाफदेही नरहने र यस कम्पनीको बारेमा कुनै जानकारी लिनु परेमा कम्पनीको संचालकको फोन नं. ९८४१८९३०९८, कार्यालयको फोन नं. ०१-५३६३७१६ मा सम्पर्क गरी आफ्नो समस्या राख्न वा जानाकारी लिन सक्नुहुने छ र यस कम्पनीको भ्रामक सूचना फैलाउने वा भ्रममा पारी सो कार्य गरेको प्रमाणित भएमा वा यस कम्पनीको नाम र लोगोसमेतको कोही कसैले दुरुपयोग गरेको पाइएमा यस कम्पनी निजविरुद्ध कानुनी कारबाही प्रक्रियामा जाने व्याहोरा अवगत गराउन चाहन्छौं ।

**वर्ल्डवाइड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि**
सामाखुसी काठमाडौं

## यूएईमा रोजगार

कम्पनी : JUST FOR YOU BUILDING CLEANING SERVICES L.L.C. — शहर : UAE
पूर्व स्वीकृत मिति:२०७९/१२/२७ — चलानी नं.: ६०१९९८३२ — L.T. No.:284394 — पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 13 | स. काममा दक्ष | 1200 | ४५,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २४ गते (6 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

## Saudi मा रोजगार

Saud Musa Al- Hadeers Co&Partnership Companey Ltd.
पूर्व स्वीकृती मिति: २०८१/१०/१५ — चलानी नं.: ६०२३२१७४ — LT.: 317907

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 9 | साधारण | 1000 | ३७,०००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ माघ २५ गते (7 Feb., 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौमा हुनेछ ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.
श्रम ईजाजत न.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८

## Saudi मा रोजगार

Abat Modern Marble Company
पूर्व स्वीकृती मिति: २०८१/१०/१५ — चलानी नं. ६०२३२१७१ — LT No.: 317915

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Furniture Carpenter | 2 | काममा दक्ष | 1200 | 88,000।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ माघ २५ गते (7 Feb., 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौमा हुनेछ ।

रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
श्रम ईजाजत न.: ६२८/०६३/६४
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२

## पञ्चेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/१०/१६**

यस पञ्चेश्वर गाउँपालिकाको मिति २०८१/०९/१४ मा प्रकाशित सूचनाअनुसार रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताले कबोल गरेको रकम सबै भन्दा न्यूनतम तथा सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण | स्वीकृत फर्मको नाम | स्वीकृत रकम मू.अ.कर र १% छुट सहित |
|---|---|---|
| Sailoda Dwari Sadak Bistar Yojana (PRM/NCB/W/03/2081/082 | Rabindra Pancheshwor Construction and Suppliers, Baitadi | 5037957.59 |

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा रोजगार

कम्पनी : SMART CHOICES CONTRACTING EST. — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ — चलानी नं.: ६०२२७३०९ — LT. No.: 312891 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 2 | 0 | स. काममा दक्ष | 1300 | ४९,१७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मिति २०८१ माघ २४ गते (6 February 2025) मेनपावर कार्यालय काठमाडौमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४९८६६००/४९८६२०४ मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

## साउदीमा रोजगार

कम्पनी: IWAN HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/१५ — चलानी नं.: ६०२३२१६९ — L.T. No.: 317931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: IWAN HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/१५ — चलानी नं.: ६०२३२१७० — L.T. No.: 317932

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ माघ २४ गते (6 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Pigeon H.R. Solutions Pvt. Ltd.
Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौं, फोन : ०१-४९६५०२२.
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com

## MAURITIUS मा रोजगार

कम्पनी : OPP CONTRACTING LTD — शहर: Mauritius
पूर्व स्वीकृत मिति: २०८१/०५/११ — चलानी नं.: ६०२२४१७१ — L.T. No.: 309491 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 200 | 0 | स. काममा दक्ष | 16500 | ४९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ २४ गते (6 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

प्रुडेन्सियल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८००/०६५/०६६
सिनामंगल, काठमाडौं, नेपाल, Tel:- 01-5918914
Mob.: 9802002035, 9802002013, 9802002032.

## साउदीमा रोजगार

कम्पनी: AL REEF AL THALATHI TRADING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/१५ — चलानी नं.: ६०२३२१७३ — L.T. No.: 317953

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1500 | ५५,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २४ गते (6 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

## UAE मा रोजगार

कम्पनी: IMDAAD L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/२५ — चलानी नं.:६०२०७५६६ — LT. No.: 292421 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Boy | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1150 | ४३,२५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Janitress/cleaners | 1 | 0 | | 900 | ३३,८४९ | | | | | | | |
| 3. | Assistant Office Boy | 1 | 0 | | 1000 | ३७,६१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ २० गते (2 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६

## साइप्रसमा रोजगार

कम्पनी: ANSOT EMPLOYMENT SERVICES LTD — शहर: AYIA NAPA
पूर्व स्वीकृत मिति: २०८१/१०/१५ — चलानी नं.:६०२३२१५१ — LT. No.: 317859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १२९९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bartenders | 5 | 0 | | 1296 | १८७१९४ | | | | | | | |
| 3. | Housekeeping | 0 | 5 | | 970 | १४०१०६ | | | | | | | |
| 4. | Kitchen Assistants | 5 | 0 | | 900 | १२९९९६ | | | | | | | |

कम्पनी: ANSOT EMPLOYMENT SERVICES LTD — शहर: AYIA NAPA
पूर्व स्वीकृत मिति: २०८१/१०/१५ — चलानी नं.:६०२३२१५२ — LT. No.: 317860

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooks | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १२९९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Cleaners | 10 | 0 | | 900 | १२९९९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २७, २८ र २९ गते (9, 10 & 11 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Sundar Nepal Overseas Pvt. Ltd.
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 4578460.
Mo.: 986-0480301, 9841566228, 9851170602 Email: Sundarnpo@gmail.com

# एपीएफले जित्यो एन्फा महिला लिगको उपाधि




**काठमाडौं / मस–** नेपाल पुलिस क्लबलाई पराजित गर्दै नेपाल एपीएफ क्लबले एन्फा महिला लिग फुटबल प्रतियोगिताको उपाधि जितेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधबार भएको फाइनल खेलमा सविता राना मगरको २ गोलमा एपीएफले पुलिसलाई ४-० गोलअन्तरले पराजित गरेको हो।

एपीएफको जितमा सवितासँगै सरु लिम्बू र अनु लामाले समान एक-एक गोल गरे। खेलको ६४औं मिनेटमा अनिता केसीले दिएको बलमा सविता राना मगरले गोल गरिन्। खेलको ६९औं मिनेटमा एपीएफकी अर्की खेलाडी सरु लिम्बूले गोल गर्दै टिमको अग्रता दोब्बर बनाइन्।

खेलको ८३औं मिनेटमा प्रीति राईको पासमा सविताले अर्को गोल गरिन्। त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा अनु लामाले गोल गर्दै टोलीलाई ४-० को जित दिलाइन्। उपाधिसँगै एपीएफले १० लाख तथा उपविजेता पुलिसले पाँच लाख रुपैयाँ प्राप्त गरेका छन्।

**अनु लामाको सन्यास**

खेल सम्पन्न भएपछि नेपाली राष्ट्रिय फुटबल टोलीकी पूर्वस्ट्राइकर अनु लामाले घरेलु फुटबल खेलबाट सन्यासको घोषणा गरेकी छन्। करिब ६ वर्षअघि अन्तर्राष्ट्रिय खेल जीवनबाट सन्यास लिइसकेकी ३७ वर्षीय अनुले विभागीय टोली एपिएफबाट घरेलु फुटबल भने खेल्दै आएकी थिइन्।

एपीएफका खेलाडीले उनलाई गार्ड अफ द अनरबाट सम्मान गर्दै बिदाइ गरेको छ। अनुले सन् २०१० मा बंगलादेशविरुद्ध दक्षिण एसियाली खेलकुद (साग) को महिला फुटबल प्रतियोगितामा नेपाली यु-२३ टोलीमा डेब्यू गरेकी थिइन्।

अनुले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदशन गरेकी थिइन्। उनले साफ च्याम्पियनसीपलगायतका विभिन्न प्रतियोगितामा राष्ट्रिय जर्सीबाट ३५ अन्तर्राष्ट्रिय गोल गरेकी छन्।

# केपी ओली कप फुटबल फागुन दोस्रो सातादेखि




**काठमाडौं / मस–** केपी ओली कप फुटबल प्रतियोगिता आगामी फागुनको दोस्रो सातादेखि हुने भएको छ। राष्ट्रिय युवा संघ नेपालको आयोजनाम हुने उक्त प्रतियोगिता आगामी फागुन ११ देखि १९ गतेसम्म सञ्चालन हुने बुधबार आयोजित पत्रकार सम्मेलनमा आयोजकका अध्यक्ष क्षितिज थेबेले जानकारी दिए।

उनका अनुसार प्रतियोगितामा अखिल नेपाल फुटबल संघद्वारा सूचीकृत 'ए' डिभिजनका क्लब र विदेशी गरी १० टोलीको सहभागिता रहनेछ। प्रतियोगितामा उपाधि विजेता टोलीले रु १५ लाख ११ हजार १११ पाउनेछ भने उपविजेताले रु पाँच लाख पाउनेछ।

त्यसैगरी प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई रु एक लाख प्रदान गरिने आयोजकले जनाएको छ।

त्यस्तै उत्कृष्ट गोल रक्षक, उत्कृष्ट गोलकर्ता र उत्कृष्ट उदयमान खेलाडीले जनही रु ५० हजार पाउने छन्। प्रतियोगितामा 'म्यान अफ दि म्याच' घोषित हुने खेलाडीले रु १५ हजार पाउनेछ। त्यस्तै हरेक खेलको विजेता टोलीले रु २५ हजार पाउने छन्। उक्त प्रतियोगिताको सेमिफाइनल र फाइनल खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछन् भने त्यसअघिका खेल सातदोबाटोमा हुनेछन्।

# सभापति कपको ट्रफी अनावरण



**काठमाडौं / मस–** नेपाली कांग्रेस लोकतान्त्रिक खेलकुद संघ महाधिवेशन निर्देशन समितिको आयोजनामा राजधानीमा जारी सभापति कप फुटबल प्रतियोगिता अन्तर्गत ट्रफी अनावरण शहीद गेटमा सम्पन्न भएको छ। शहीद दिवसको अवसर पारेर आयोजित उक्त कार्यक्रममा विभिन्न खेलकुद तथा राजनीतिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

सभापति कपको ट्रफी निर्देशन समितिका संयोजक एवम् कांग्रेस नेता मोहनबहादुर बस्नेतले गरेका हुन्। कार्यक्रममा आयोजक टोलीका पदाधिकारी प्रशिक्षक तथा खेलप्रेमीहरूको उल्लेख्य उपस्थिति थियो। महाधिवेशन निर्देशन समितिका पदाधिकारीहरूले शहीद दिवसको सन्दर्भमा राष्ट्रका लागि बलिदान दिने सहिदहरूको सम्झनामा शहीद गेटबाट ट्रफी अनावरण गर्न उचित लागेको बताएका थिए।

माघ १० गतेदेखि सुरु भएको सभापति कप फुटबल प्रतियोगिता अन्तिम चरणमा पुगेको छ। सर्वाधिक पुरस्कार राशिको यस प्रतियोगिताको फाइनल खेलमा संकटा क्लब र आयोजक लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेश (बागमती) बीच हुँदैछ।

सभापति कप फुटबल प्रतियोगिता सबैभन्दा ठूलो पुरस्कार राशि भएको नकआउट फुटबल प्रतियोगिता हो। यस प्रतियोगितामा विभिन्न ए डिभिजन क्लबहरूसहित उत्कृष्ट खेलाडीहरूको सहभागिता रहँदै आएको छ। यस संस्करणमा पनि प्रतिष्ठित टिमहरूबीच कडा प्रतिस्पर्धा देखिएको छ।

# कृष्णनगरमा तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु




**शहबाज खान / मध्यान्ह**
कपिलवस्तु, १६ माघ

कृष्णनगर नगरपालिकामा तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ। प्रतियोगितामा सामुदायिक तथा गैरनिजी विद्यालय गरी कुल ११ विद्यालय सहभागी भएका छन्। तीन दिनसम्म चल्ने यस प्रतियोगितामा कबड्डी, भलिबल, हाइजम्प, दौडलगायत १४ विधाका खेल समावेश छन्।

प्रमुख अतिथि पूर्वसांसद अभिषेक प्रताप शाहले प्रतियोगिताको उद्घाटन गरेका थिए। उद्घाटन समारोहमा नेपाल प्रहरीका नायब महानिरीक्षक उमा चतुर्वेदी, आरती देवी चौधरी, वैभव प्रताप शाह, वडाध्यक्ष सगीर अहमद खां, वडाध्यक्ष नूर मोहम्मद, वडाध्यक्ष जमील खां, नगर उपप्रमुख सल्लाहकार भरत किशोर चौधरी (भूलन चौधरी) विशिष्ट अतिथि रहेका थिए। कार्यक्रमको अध्यक्षता नगर प्रमुख रजत प्रताप शाहले गरेका थिए भने सञ्चालन शिक्षा शाखा प्रमुख बलराम पन्थीले गरेका थिए।

पूर्वसांसद शाहले खेलकुद विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि अत्यावश्यक रहेको बताए। उनले भने, 'खेलकुदले अनुशासन, आत्मनिर्भरता र प्रतिस्पर्धी भावना विकास गर्छ। विद्यार्थीहरूले अध्ययनसँगै खेलकुदमा पनि उत्तिकै ध्यान दिनुपर्छ।'

नेपाल प्रहरीका नायब महानिरीक्षक चतुर्वेदीले युवाहरूलाई सामाजिक सञ्जालको दुरुपयोगबाट जोगिन सुझाव दिइन्। उनले भनिन्, 'विद्यार्थी जीवन अत्यन्त महत्वपूर्ण समय हो। तपाईंहरूकै मिहिनेतले भोलिको नेपाल निर्माण हुनेछ। कोही नेता, कोही डाक्टर, कोही इन्जिनियर बन्नेछन्। त्यसैले पूर्ण लगनका साथ आफ्नो भविष्य निर्माण गर्नुपर्छ।'

नगर प्रमुख शाहले नगरपालिकाले खेलकुद प्रवर्द्धनलाई प्राथमिकता दिइरहेको बताए। उनले भने, 'स्वस्थ समाज निर्माणका लागि खेलकुद अपरिहार्य छ। नगरपालिकाले खेलकुद पूर्वाधार तथा गतिविधिहरूलाई अझ मजबुत बनाउनेछ।' साथै उनले कृष्णनगरलाई नमुना नगर बनाउन शिक्षक तथा विद्यार्थीहरूको भूमिका महत्वपूर्ण हुने बताए।

आयोजक समितिका अनुसार प्रतियोगिताले विद्यार्थीहरूलाई खेलकुदप्रति प्रेरित गर्ने तथा उनीहरूको शारीरिक र मानसिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

**शिलबन्दी दरभाउपत्रको थप जानकारी सम्बन्धी सूचना**

मिति २०८१/१०/१६ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा आठविसकोट नगरपालिका रुकुम पश्चिमका खानेपानी उपभोक्ता समितिहरुको संयुक्त खरिद समितिद्वारा प्रथम पटक प्रकाशित शिलबन्दी दरभाउपत्रको आह्वानको सूचनामा दरभाउ पत्र खरिद गर्दा आठविसकोट नगरपालिका कार्यालयबाट उपलब्ध हुने उल्लेख गरिएको छ। यस सम्बन्धमा आपुर्तिकर्ताहरुको थप सहजताको लागि सुस्वा आयोजना सहयोग इकाई सुर्खेतबाट पनि उक्त योजनाहरुका दरभाउपत्रहरु खरिद गरी उक्त इकाई कार्यालयमा पनि शिलबन्दी दरभाउपत्र पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई सुचित गर्न चाहन्छौं।

**संयुक्त खरिद समिति**

**युएईमा रोजगार** कम्पनी : EMFAM INTEGRATED HOSPITALITY SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/१५ चलानी नं.: ६०२३२१६४ LT. No.:317954

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
